# मुसहर जातिको जीवन निर्वाहको अवस्थामा आएको परिवर्तन
# भादगाँउ सिनुवारी गा.वि.स. सुनसरीको एक अध्ययन

त्रिभूवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र

विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तीको आवश्यकता परिपूर्तिको

लागि तयार पारिएको

**शोधपत्र**


**प्रस्तुतकर्ता**

**सुनिता घिमिरे**

**रोल नं. ३७८/२०६३/६६**

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र तथा मानवशासत्र विभाग**

**कीर्तिपुर, काठमाडौ**


**२०६८**

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र संकाय**

**समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग**

**विश्वविद्यालय क्याम्पस**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयद्धारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्नको निम्ति मेरो निर्देशनमा सुनिता घिमिरेले **"मुसहर जातिको जीवन निर्वाहको अवस्थामा आएको परिवर्तन"** एक समाजशास्त्रीय अध्ययन शिर्षकको शोधपत्र तयार गरेको प्रमाणित गर्दै उक्त शोधपत्रको अन्तिम मूल्याङ्कनको लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मितिः २०६९/१२/

.........................................................

मिली जोशी

आन्तरिक शोध निर्देशक

**समाजशास्त्र तथा मानवशास्त्र**

**केन्द्रिय विभाग**

**विश्वविद्यालय क्याम्पस कीर्तिपुर,**

**काठमाडौ. ।**

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र तथा मानवशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपुर**

## स्वीकृति -पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकि तथा सामाजिक शास्त्र अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तीको आंशिक आवश्यकता परिपूर्तिको लागि छात्रा सुनिता घिमिरेले तयार गरी प्रस्तुत गर्नु भएको **"मुसहर जातिको जीवन निर्वाहको अवस्थामा आएको परिवर्तन' सुनसरी जिल्ला, भादगाऊँ सिनुवारी गा.वि.स.का मुसहरहरुको एक समाजशास्त्रीय अध्ययन"** शिर्षकको शोधपत्रको आवश्यक मूल्याङ्कन गरी उक्त अपाधिको लागि उचित ठहरीएकोले स्वीकृती प्रदान गरीएको छ ।

| **शोधपत्र मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
| --- | --- |
| मिली जोशी<br>आन्तरिक शोध निर्देशक | .............................. |
| नीति अर्याल<br>बाह्य निरीक्षक | .............................. |
| प्रा.डा. ओम गुरुङ<br>विभागीय प्रमुख | .............................. |

मितिः २०६९/१२/

# कृतज्ञता ज्ञापन


प्रस्तुत **“मुसहर जातिको जीवन निर्वाहको अवस्थामा आएको परिवर्तन‘ भादगाऊँ सिनुवारी गा.वि.स. सुनसरीको एक अध्ययन”** शिर्षकको शोधपत्र प्रस्तावना कार्यदेखि अन्त्यसम्म आफ्नो सल्लाह सुझाव, एवम् प्रेरणा प्रदान गर्नुहुने आदरणीय शोध निर्देशक मिलि जोशी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी यो शोधकार्य प्रारम्भिक चरणमा नै पूर्वाधारको वारेमा जानकारी प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा.ओम गुरुङज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा अध्ययन कार्यमा निरन्तर लाग्न प्रेरणा दिने र यो अवस्थासम्म ल्याउन समरप्रित मेरा आदरणीय अभिभावक हरिप्रसाद घिमिरे र लक्ष्मिदेवि घिमिरेका साथै श्रीमान् नवराज पोखरेलप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै शोधपत्र लेखन कार्यमा सहयोग गर्नुहुने मेरा भाई विष्णु अर्याल र साथी सरीता अभिकारीलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी यस शोधलाई पूर्णता प्रदान गर्न कम्प्युटर टङ्कन तथा शुद्धिकरणमा सहयोग गरिदिनुहुने इलाम कम्युनिकेशन सेन्टर कीर्तिपुरका भाई समिर टि.एन दुलाल, विना दुलाललाई हार्दिक धन्यवाद दिँदै आवश्यक मूल्याङ्कनका निमित्त प्रस्तुत शोधपत्र विभागसमक्ष पेस गर्दछु ।



**शोधार्थी**

सुनिता घिमिरे

**समाजशास्त्र तथा मानवशास्त्र**

**केन्द्रिय विभाग**

# विषयसूची


| | पेज नं. |
|---|---|
| **अध्याय-एक : परिचय** | **१-६** |
| १.१ अध्ययनको पृष्ठभूमिः | १ |
| १.२ समस्या कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अध्ययनको महत्व | ५ |
| १.५ अध्ययनको संगठन | ५ |
| **अध्याय-दुई : सन्दर्भ सामग्रीको पुन : अध्ययन** | **७-१३** |
| २.१ समाज परिवर्तन सम्वन्धी सिद्धान्त | ७ |
| २.२ मुसहर जातिको उत्पति र इतिहास | ८ |
| २.३ मुसहर र अन्य जातजातिको जीवननिर्वाह वारे अध्ययन | १० |
| २.४ अवधारणागत रुपरेखा | १३ |
| **अध्याय-तीन : अनुसन्धान विधि** | **१४-१७** |
| ३.१ अध्ययन क्षेत्रको छनौट | १४ |
| ३.२ नमुना छनौट प्रकृया/विधि | १४ |
| ३.३ तथ्याङ्कको प्रकार | १५ |
| ३.४ तथ्याङ्क संकलन विधि | १५ |
| ३.५ द्धितिय स्रोत | १६ |
| ३.६ तथ्याङ्कको विश्लेषण एवं प्रस्तुति | १६ |
| ३.७ अध्ययनको सिमा | १७ |
| **अध्याय-चार : अध्ययन क्षेत्रको परिचय** | **१८-२१** |
| ४.१ भादगाउँ सिनुवारी गा.वि.स. को एक परिचय | १८ |
| ४.२ भौगोलिक अवस्थिति र क्षेत्रफल | १८ |
| ४.३ सामाजिक जनजीवन | १९ |
| **अध्याय-पाँच : जीवन निर्वाहको अवस्था र त्यसमा आएका परिवर्तनहरू** | **२२-४६** |
| ५.१ मुसहर जातिको जीवन निर्वाहको अवस्था र त्यसमा आएका परिवर्तनहरू | २२ |
| ५.१.१ सामाजिक अवस्था | २३ |
| ५.१.१.२ परिवार | २४ |
| ५.१.१.३ शिक्षा | २५ |
| ५.१.१.४ स्वास्थ्य | २६ |

५.१.१.५ घरको बनावट २७
५.१.१.६ परिवार नियोजन प्रतिको धारणा : २९
५.१.२ भू-स्वामित्वको अवस्था ३०
५.१.३ पेशा ३२
५.१.४ उत्पादन ३४
५.१.५.खानपानको अवस्था ३५
५.१.६ ऋृण ४०
५.१.७ पशुपालन ४२
५.१.८ आम्दानी र खर्च ४३
५.१.९ भौतिक सम्पत्ति ४५

**अध्याय-छ : मुसहरहरूको जीवननिर्वाह पद्दतिमा परिवर्तन ल्याउने तत्वहरू ४७-५४**
६.१ सडक तथा बजार विस्तार ४७
६.२ बसाई सराई ४८
६.३ नोकरी ४९
६.४ आधुनिकिकरण ५०
६.५ ज्याला/मजदुरी ५०
६.६ शिक्षा ५२
६.७ देखासिकी ५२
६.८ मुसहर विकास कार्यक्रम ५३
६.९ विदेश जाने ५४

**अध्ययन-सात : शारांश, निष्कृष र सुझावहरू ५५-६१**
७.१ सारांश ५५
७.२ निष्कर्ष ५८
७.३ सुझावहरू ६०

**सन्दर्भ सामग्री**
**प्रश्नावलीहरु**

# तालिकासूची

**पेज नं.**


**तालिका नं. १ :** भादगाउँ सिनुवारी गा.वि.स. को जनसंख्याको वडागत विवरण १९

**तालिका नं २ :** धर्मको आधारमा भादगाउँ सिनुवारीको जनसंख्या २०

**तालिका नं ३ :** भादगाउँ सिनुवारी गा.वि.स. का प्रमुखजाति र जनजाति २०

**तालिका नं** ४ : वडा अनुसार भादगाउँ सिनुवारीका मुसहर जातीको जनसंख्या विवरण २१

**तालिका नं. ५ :** उतरदाताको उमेर र लिङ्ग अनुसार जनसंख्याको वितरण २३

**तालिका नं.** ६ : उत्तरदाताको छनौटमा परेका मुसहरको पारिवारिक प्रकारको वर्गीकरण २४

**तालिका नं.** ७ : उत्तरदाताको शैक्षिक अवस्थाको वर्गीकरण २५

**तालिका नं.** ८ : भादगाउँ सिनुवारी गा.वि.स का मुसहरहरू उपचार गर्न जाने ठाउँ २६

**तालिका नं.** ९ : उत्तरदाताको घरको किसीमको आधारमा वर्गीकरण २७

**तालिका नं. १०** : उत्तरदाताको विजुली सम्वन्धी तथ्याङ्क २८

**तालिका नं. ११** : उत्तरदाताको चर्पी सम्वन्धी विवरण २८

**तालिका नं. १२** : परिवारनियोजन सम्वन्धि विवरण २९

**तालिका नं. १३** : भू-स्वामित्वको आधारमा उत्तरदाताको वर्गिकरण ३०

**तालिका नं. १४** : उत्तरदाताको जग्गाको स्वामित्वको वर्गिकरण ३१

**तालिका नं. १५** : पेशामा संलग्न उत्तरदाता सम्वन्धी वर्गीकरण ३३

**तालिका नं. १६** : उत्तरदाताको अन्न उत्पादन स्थितिको वर्गीकरण ३४

**तालिका नं. १७** : उत्तरदाताको अन्न उत्पादन स्थितिको वर्गीकरण ३५

**तालिका नं. १८** : उत्तरदाताको खाना पकाउने श्रोत सम्वन्धी वर्गिकरण ३६

**तालिका नं. १९** : अत्तर दाताको दाउरा संकलन गर्ने सम्वन्धी वर्गीकरण ३७

**तालिका नं.** २० : उत्तरदाताको खानेपानी श्रोत सम्वन्धि वर्गीकरण ३७

**तालिका नं. २१** : उत्तरदाताको खेतबारी जोताई सम्वन्धि वर्गीकरण ३८

**तालिका नं.** २२ : उत्तरदाताको सिचाई सम्वन्धि वर्गीकरण ३८

**तालिका नं.** २३ : उत्तरदाताको अन्नवाली वोक्ने सम्वन्धि वगिकरण ३९

**तालिका नं**. २४: उत्तरदाताको अनाज कुटानी पिसानी सम्वन्धि वगिकरण ४०

**तालिका नं**. २५ : उत्तरदाताको ऋण सम्वन्धी वर्गीकरण ४१

**तालिका नं**. २६ : उत्तरदाताहरूको पशुपंक्षि सम्वन्धी वर्गीकरण ४२

**तालिका नं**. २७ : उत्तरदाताको बार्षिक आम्दानी र खर्चको वर्गीकरण ४४

**तालिका नं**. २८ : उत्तरदाताको घरमा भएका भौतिक सम्पति सम्वन्धि वर्गीकरण ४६

**तालिका नं**. २९ : दैनिक ज्याला विवरण ५१

# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल आदिवासी समुहको बहुल राष्ट्र हो । अतः जातिय संस्कृति र परम्पराका दृष्टिकोणले निकै सम्पन्न छ । विशेषगरी नेपालको तराइ वा मधेशका अनेकन जनजातिहरुको साझा चौतारी बनेको छ । तिनै जातिहरु मध्येको मुसहर जातिको पनि आफ्नो पृथक सामाजिक र सांस्कृतिक पहिचान छ । आफ्नै छुट्टै भाषा, संस्कृति, चालचलन, रहन सहन, मौलिक परम्परा रहेको छ (भण्डारी, २०५६) ।

नेपालको तराई क्षेत्रको झापा, मोरङ्ग, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सर्लाही, धनुषा, जनकपुर, रौतहत, महोत्तरी आदी ठाउँमा मुसहर जातिको बसोबास रहेको पाइन्छ । २०५८ सालको राष्ट्रिय तथ्याङ्क विभागको प्रतिवेदन अनुसार मुसहर जातिको कुल जनसंख्या १,६१,९८० र २०६८ को तथ्याङ्क अनुसार मुसहर जातिको कुल जनसंख्या २,३४,४९० रहेको छ (तथ्याङ्क विभाग, २०६८) । माटो काट्ने, पोखरी खन्ने, कृषि मजदुरी गर्ने, साझ विहानको छाक दुःखले टार्ने, माछा मार्ने र विवाहमा डोला बोक्ने, काम गरी आफ्नो जीवन निर्वाह गर्न, यस जातिका सामाजिक तथा सांस्कृतिक परम्पराहरु अनौठा छन् । कृषि तथा कृषि प्रविधिमा आएको आमुल परिवर्तनले पनि यस समुदायलाई असर पार्न सकेको छैन भने आज पनि केही मुसहरहरु विभिन्न कष्ट सहेर जीवन विताउन विवश छन् । घरपरिवारको उचित व्यवस्था नभएको कारण अधिकांश मुसहरहरु सुकुम्वासी भएर नदी किनारा तथा नहरका डिलमा भेटिने ऐलानी जग्गामा कटेरा बनाइ आफ्नो जीवन जिउन बाध्य भएका छन् । आधुनिकताको शिखरमा विश्वले पाइला टेके पनि मुसहर समुदायलाई भने कागलाई बेल सरह नै भएको छ । यो समुदायलाई नियाल्दा दुनियाका अगाडि कहाली लाग्दो दृश्य अनि उद्देश्यहिन जिन्दगीको सामना गर्दै जिउँदो प्राणी भएर जिउँन बाध्य भएको पाइन्छ (जमरकट्टेल, २०६७) ।

मुसहर जातिको शारिरीक बनावटको आधारमा मुसहर जातिका लक्षणहरु द्रविडियन प्रजातिय विशेषतासँग समानता राख्ने हुँदा केहि विद्वानहरुले यो जातिलाई द्रविडियन वर्गमा राख्ने गरेका छन् । मुसहरहरुको शारीरिक आकृति हेर्दा तराई क्षेत्रमा थारु, खप्वे केवट, माली आदिसँगमिल्दो जुल्दो देखिन्छ । मुसहरहरुको शारीरीक आकृति श्यामवर्ण, बाक्लो ओठ, सानो साँगुरो निधार, ठुलो थेप्चिएको नाक, चहकिला ठुला आँखा भएको पाईन्छ (खत्री, २००६) ।

मुसहरहरु इतिहासका विभिन्न कालखण्डमा नेपाल प्रवेश गरेका र तराईको जंगल फँडानी गरी "रस्ती रसाउने वस्तीबसाउने" कार्यको शुभारम्भ गर्दै जमिन्दारहरुका भुमिमा रही कृषि श्रमको आपुर्ति गर्नेकार्यमा आफ्नो योगदान दिदै आएको हामी पाउँछौ । तर पनि मुसहर जाति भुमिहिन हुनु, घरबास नहुनु, नागरिकताबाट वञ्चित रहनु, एक दिन काम नगर्दा यिनीहरुको छाक नटर्नु, आर्थिक रुपमा दिनहिन हुन, स्वास्थमा चेतनाको कमि आउनु आदि जस्ता अत्यन्त दुःख लाग्दो कुरा हो । यसरी मुसहर जातिमा चेतनाको कमि हुनु नै यिनीहरुको पिछडिनुको कारण हो (खत्री, २००६) ।

मुसहर जाति विभिन्न ठाउँमा बस्दै आएका छन् । यिनीहरुको आफ्नै किसिमको सामाजिक परम्परागत मान्यता, धर्म, संस्कृति, रितिरिवाजहरु छन् । गाउँमा कसैलाई केहि समस्या आउँदा सबै मिलेर त्यसलाई सामुहीक रुपमा सुल्झाउँछन् । यिनीहरुको आफ्नो एउटा छुट्टै बस्ती छ । जसलाई मुसहरी टोल भनिन्छ । जहाँ यिनीहरु एकल तथा संयुक्त दुवै किसिमका परिवारमा बसोबास गर्ने भएता पनि संयुक्त परिवार बढि रहेको र छुट्टिएरबसे पनि एउटै घरमा मिलेर बस्ने गरेको हामी पाउँछौ । यो समुदायको सामुदायिक नेतृत्व मडर माइजन ले गर्ने गर्दछन । सामान्यतया लोग्ने मान्छेहरु दुःख लुकाउन गाँजा, जाँड रक्सी, सुर्ती खानेको संख्या अधिक छ । खानाको अभावमा विशेष गरी बुढापाकाहरु भोकभोकै रहनेको संख्यामा पनि कमि नरहेको हामी पाउँछौ । जन्म, विवाह, मृत्यु संस्कारहरु सम्पन गर्दा आफ्नै किसिमका जातिय परम्परा अनुसारका विधिहरु गर्ने गरेको हामी पाउँछौ । पैत्रिक सम्पतिमा मुसहर समुदायमा पुरुषको बाहुल्यता भएकोले घरमुली बाबु नै हुने र सो अधिकार छोरामा हस्तान्तरण हुने प्रथा रहेको छ । महिलाहरु भने यो

जातिमा अधिकांश कृषिश्रम र घरायसी पेशामा संलग्न छन् भने अन्य पेशामा नगण्य रुपमा रहेका हामी पाउँछौ । मुसहर महिलाको स्थिति पुरुषको तुलनामा तल्लो स्तरमा रहेको र शतप्रतिशत महिलाहरु अशिक्षित रहेको छन् । मुसहर महिलाहरु मजदुरी तथा घरेलु काममा व्यस्त रहने गरेको पाइन्छ । मुसहर जातिहरुको पहिरनमा पुरुषहरु : धोती, कमीज लगाउछन भने महिलाहरु गुन्यु, चोलो लगाउने गर्दछन् । तर हाल आएर पोशाकमा पनि परिवर्तन आउँदै गरेको हामी पाउँछौ । मुसहरहरु प्राय मैथली भाषा र भोजपुरी बोल्दछन् भने कतिपय ठाउँमा थारु भाषाको प्रयोग गरेको पाइन्छ । साथै यिनीहरुले नेपाली भाषानै प्रयोग गरेको पाइन्छ । मुसहरहरुको प्राय विशेष महत्वको चाडपर्वमा दशै (दशहरा), माघे सक्रान्ति (तिला संक्रान्ति) छठपुजा, लक्षमी पुजा (शुकरैत पर्व), साउने संक्रान्ति (घडी पावैन), नववर्ष (सिरुवा) होली (फगुवा) नेमान, रइत आदी छन् । भने यिनले मनाउने सामाजिक संस्कार जस्तै जन्म संस्कार, पास्नी, मुरोन/मुण्डन, विवाह संस्कार, मृत्यु संस्कार आदि मनाउँछन् ।

समग्रमा भन्ने हो भने मुसहर समुदाय, कृषि, पशुपालन, माछा मार्ने घर छाउने, रिक्सा चलाउने, जनमजदुरी गर्नु, आली लगाउनु, बटिया गर्नु, विवाहमा डोला बोक्नु आदि कार्य गरी जीवन निर्वाह गर्ने गर्दछन । यिनिहरु आर्थिक रुपले दरिद्र वा निर्धन छन यिनीहरु सुकुम्बासी छन साथै सार्वजनिक ऐलानी जग्गाका साथै कुलो, नहर, पैनी, सडकको डिल, जमिन्दार तथा धनी किसानले दिएको जग्गामा सानो छाप्रो बनाएर त्यही जीवन निर्वाह गर्ने गर्दछन् । समयको परिवर्तन सँगै मुसहर समुदायमा पनि केही परिवर्तन भएको पाइन्छ जहाँ पहिला गाइ, गोरु, हाँस पाल्दैनथे भने आजभोली गाइ, भैसी, बाखा पाल्ने अरुको अधिया गर्नमा समेत सहभागी हुन थालेको पाइन्छ । जसको कारण यिनीहरुको बसाइ सराइमा देख्ने गरेको प्रविधि तथा अरुको सिको गरी गर्ने गरेको पाइन्छ भने आधुनिकिकरणले पनि यस मुसहर जातिमा परिवर्तन ल्याएको छ ।

मुसहर जातिको विभिन्न विद्वानहरुले अध्ययन र विश्लेषण गरेको भएता पनि सम्पूर्ण पक्षलाई समेट्न सकेको छैन । जसले गर्दा मुसहर जातिको विकास र उत्थान हुन सकेको छैन साथै मुसहर जाति आजको अवस्थासम्म आइपुग्दा पनि कुनै किसिमको

परिवर्तन हुन नसकेको, विकासको पहुँच पुऱ्याउन नसकेको, शिक्षा, स्वास्थ र शिपको विस्तार गर्न नसकेको, शिक्षा, पाइन्छ । मुसहर समुदायमा रहेको यस्ता समस्याहरु र यिनीहरुको मौलिक तथा परम्परावादी धारणा र रहन सहन वा प्रेरित भएर मैले नेपालको पूर्वाञ्चल विकास क्षेत्रको सुनसरी जिल्ला भादगाउँ सिनुवारी गा.वि.स. मा बसोबास गर्ने मुसहहरुको अध्ययन गर्ने जमर्को गरेको गरेको छु ।

## १.२ समस्या कथन

मुसहर जाति पहिले कहिले पनि एक ठाउँमा नवसी घुमन्ते जीवन विताउथे । उनीहरु अहिले आएर स्थायी रुपमा वसोवास गर्न थालेको पाइन्छ । परम्परागत रुपमा कृषि पेशालाई मुख्य रुपमा अपनाउँदै आएका थिए भने त्यसको अलावा जनमजदुरी गर्नु, माटो बोक्ने, विवाहमा डोला बोल्ने, माछा मार्ने, आदि जस्ता पेशालाई साहयक पेशाका रुपमा अँगाल्दै आएको पाइन्छ । मौसमी काम हुने, कृषि कार्यमा सीमित रोजगारीमा यो जातिले आफ्नो गुजारा चलाएका छन् । जसले गर्दा उनीहरुको पानी परेको समयमा घरको छानावाट चुहिने पानीले अनिद्रो रातको पीडा सहन वाध्य भएका छन् । साथै हिउँदे जाडोले कतिको ज्यान लिन पछि नपरेको देख्न पाइन्छ । विभिन्न सामाजिक र आर्थिक शोषणवाट पिडित यो जाति आफ्नो पाखुराको बलमा मात्र बाँच्ने गर्दछन् । जसले गर्दा एक दिन काम नगर्दा उनीहरुको छाक टर्दैन तर पनि हाल आएर मुसहर जातिमा पनि उनीहरुको परम्परागत जीवन निर्वाह पद्धतिमा, भाषा, संस्कृति तथा रहनसहनमा परिवर्तन आइरहेको छ ।

उक्त परिवर्तनहरु मुसहरहरुले चाहेर हो या अन्य कुनै कारकतत्वले नचाहँदा नचाहँदै पनि ल्याएको हो ? के-कस्ता कारणले उनीहरुको पहिले र हालको जीवन अवस्थामा परिवर्तन ल्याउन सहयोग गरेका छन त ? यसरी परिवर्तन ल्याउनमा के कस्ता तत्वहरुको प्रभाव परेको छ ? भन्ने जस्ता प्रश्नहरुलाई यस अध्ययनले निम्न लिखित सामान्य प्रश्नको उत्तर खोज्ने प्रयास गरेको छ ।

१. मुसहरहरुको जीवन निर्वाहको अवस्थामा कस्तो परिवर्तन आएको छ ?

२. उनीहरुको जीवन निर्वाहको क्रममा के कस्ता तत्वहरुले परिवर्तन ल्याउन खोजेको छ ?

## १.३ अध्ययनको उद्देश्य

नेपालको सामाजिक संरचनामा मुसहर दलित उत्पीडित जातिको रूपमा रहेको छ । यो जातिको नेपालको पूर्व क्षेत्रमा वसोवास रहेको पाईन्छ । विशेष गरेर सुनसरी जिल्लाको भादगाउँ सिनुवारी गा.वि.स.का मुसहरहरूको अध्ययन गरिने भएकोले यस क्षेत्रका मुसहर जातिको अध्ययन गर्नु प्रमुख उद्देश्य हो । यस अध्ययनको उद्देश्यहरू निम्न छन् :

१) भादगाउँ सिनुवारी गा.वि.स मा वसोवास गर्ने मुसहर को जीवन निर्वाहको अवस्था र त्यसमा आएका परिवर्तनहरूको खोज गर्न ।

२) मुसहर जातिमा परिवर्तन ल्याउने तत्वहरुको खोज गर्ने ।

## १.४ अध्ययनको महत्व

नेपाल आदिवासिहरुको बहुल राष्ट्र हो । जहाँ विभिन्न जातजाति, भाषा भाषि, धर्म र संस्कृतिहरु छन् । नेपाल देश गरिब राष्ट्रहरु मध्ये एक हो तर सांस्कृतिक दृष्टिकोणबाट निकै धनि मानिएको छ । यहाँका अधिकांस जनजाति ग्रामिण समुदायमा बस्दछन् जुन विशेष गरी तराइ वा मधेशका अनेक जातजातिको साझा चौतारीको रुपमा बनेको छ । जबसम्म नेपाली समाज र संस्कृतिलाई बुझ्न सकिदैन तबसम्म देश विकास र समाजको विकासको गतिलाई अगाडी बढाउन सकिदैन । त्यसैले यस शोधकर्ताले यस अध्ययनमा मुसहर जातिको जीवन निर्वाहको अवस्थामा आएको परिवर्तन बारेमा अध्ययन अनुसन्धान गरी उनीहरुको विभिन्न समस्याको पहिचान गरी शोधपत्र तयार पार्ने भएकोले यसबाट मुसहर जातिको बारेमा चासो राख्नेहरुलाई समेत सहयोग मिल्ने आशा गरिएको छ ।

## १.५ अध्ययनको संगठन

यस शोध अध्ययनलाई सात परिच्छेदमा विभाजन गरि प्रस्तुत गरिएको छ । यसको प्रथम अध्यायमा परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि रहेको छ भने दोस्रो परिच्छेदमा सन्दर्भ सामाग्रीको अध्ययन शिर्षक दिइएको छ । जसमा मुसहरको अन्य

जातिको वारेमा अध्ययन अनुसन्धान गरिएको स्वदेशी तथा विदेशी विद्वानहरुको विचार व्यक्त गरिएको छ । त्यस्तै तेस्रो अध्ययनलाई अनुसन्धान विधि शिर्क्षक दिई उक्त अध्यायमा शोधपत्र तयार गर्दा प्रयोग गरिएका अध्ययन क्षेत्रको छनौट, नमूना छनौट प्रक्रिया तथ्याङ्कको प्रकार, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको विश्लेषण, अध्ययनको सिमाको वारेमा उल्लेख गरिएको छ भने चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय दिइएको छ । पाँचौं अध्यायमा मुसहर जातिको जीवननिर्वाहको अवस्था र त्यसमा आएका परिवर्तनहरुको बारेमा जानकारी दिएको छ र छैठौं अध्यायमा मुसहर जातिको जीवननिर्वाहको अवस्थामा परिवर्तन ल्याउने तत्वहरुको बारेमा जानकारी दिइएको छ ।

अन्तिम अर्थात सातौं अध्यायमा द्धारा प्राप्त ज्ञानको सारांश , निष्कर्ष र सुझाव दिइएको छ । अन्त्यमा अध्ययन गर्दाको सन्दर्भग्रन्थसूची केही शोधको लागि प्रयोग गरिएको प्रश्नावलीहरु प्रस्तुत गरिएको छ ।

# अध्याय - दुई
# सन्दर्भ सामग्रीको अध्ययन

नेपालमा मुसहर जातिको बारेमा धेरै लेख रचना प्रकाशित भएको देखिदैन तर केहि लेख रचना पुस्तक र शोधपत्रको रुपमा केही प्रकाशित भएका छन् यस जातिको खोज र अनुसन्धानमा केही विद्धानहरुले गरेका पुस्तकको अध्ययनबाट निस्केका निचोडहरुलाई यहाँ विवेचना गर्ने प्रयास गरिएको छ । तराइका मुसहर जातिको उत्पति, भाषा, प्रथा, चालचलन परम्परा, रितिरिवाज इत्यादिको बारेमा प्रकाशित लेख रचना र पुस्तकको अध्ययनबाट उनीहरुको बारेमा केही समिक्षा प्रस्तुत गर्न जमर्को गरेको छ ।

## २.१ समाज परिवर्तन सम्वन्धी सिद्धान्त

विभिन्न विद्धानहरुले समाज परिवर्तन सम्वन्धी व्याख्या गरेका छन्: प्रिन्सटन युनिभरसिटीका प्राध्यापक Ronald Inglehart (1997) का अनुसार आधुनिकिकरण र उत्तर आधुनिकिकरणले अत्यनत प्रभावकारी ढंगवाट आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक पक्षमा सुहाउदो तरिकाले परिवर्तन गर्दछ । परम्परागत अधिकार बुद्धिमान र बैधानिक तरिकावाट परिवर्तन भएर आधुनिकिकरण, औधोगिकीकरण, शहरीकरण, पेशा आदिमा परिणत हुन्छ ( Inglehart, 1997) ।

युनिभरसिटी अफ सिकागोका प्राध्यापक Douglas Smassey (1988) ले आधारभुत रुपमा वसाइसराइ ऐतिहासिक (Historical) प्रक्रिया हो, जसले कुनै पनि सामाजिक श्रेणी (Social Sequence) तथा आर्थिक प्रक्रियाहरुलाई अस्थाइ संरचना प्रदान गर्न सहयोग गर्दैन भनी सामाजिक परिवर्तनका वारेमा व्याख्या गरेका छन् Smassey, 1988) ।

शिक्षाले पनि समाज परिवर्तनको व्यख्या गरेका छन् जहाँ शिक्षा समाजको ऐना (Image) हो  जसवाट दुरगामी रुपमा समाज परिवर्तनको दिशाा निर्देश गर्दछ (Emile Durkheim, 1897) ।

यस्तै चैतन्य मिश्रको बदलिदो नेपाली समाज (२०५८) मा समाज परिवर्तनको व्याख्या गर्नु भएको छ । यस कितावमा व्यक्ति, समाज र सामाजिक सम्वन्धहरुमा भइरहेका परिवर्तन र पूनगठनलाई नियाल्ने प्रयत्न गरिएको छ । सामाजिक परिवर्तनका तह र आयाम कार्य कारण सम्वन्धमा गासिएका हुन्छन् एक तहमा भएको परिवर्तन अर्को तहको परिवर्तनको कारण बन्छ । व्यक्तिमा भएको परिवर्तनको छाल, परिवार, समुदाय आदि हुँदै मुलुक र विश्वमा ठोकिन्छ र तिनको पुनर्गठनमा परिणत हुन्छ । त्यस्तै मुलुक र विश्वमा भएका परिवर्तनको छाप विभिन्न तह हुर्दै व्यक्तिमा पर्छ अनि व्यक्ति पुनर्गठित हुन्छ । समाज पुनर्गठित हुने तर व्यक्ति पुनर्गठित नहुने भन्ने हुर्दैन । त्यस्तै व्यक्ति पुर्नगठित हुने तर यसको छाप समाजमा, समाजका विभिन्न तहमा नपर्ने् भन्ने पनि हुँदैन । किनभने व्यक्ति र समाज अन्योन्याश्रित छन् । व्यक्ति भित्र समाज छ , समाज नभई व्यक्ति हुदैन भनी उल्लेख गरेका छन्  (मिश्र, २०५८) ।

## २.२ मुसहर जातिको उत्पति र इतिहास

नेपालमा मुसहर जातिको उत्पति कहिले र कसरी भएको हो भन्ने कुरा अझै सम्म खोजको विषय बनेको भएतापनि नेपालमा मुसहरहरु शुरुमा आप्रवासीको रुपमा भारतका विभिन्न क्षेत्रवाट आएका हुन भनी उल्लेख गरेको पाइन्छ (CNAS, २००६) ।

आजभन्दा करिव ७०० वर्ष अघि भारतवाट नेपाल प्रवेश गरेको र स्थायी रुपले बसोवास गर्न थालेको करिव ४०० वर्ष भएको र प्राचिनकालमा अन्नखान नजान्ने भएकाले जंगलमा कन्दमुल, फलफुल खोजी खाई जीवन विताउने मुसहर आफुलाई वाल्मिकी ऋषिका सन्तान भनी भन्दछन् । नेपाल भित्र प्रवेश गर्नुको मुख्यकारण जंगललै भएको र खाद्य वस्तुहरुको अभाव नहुनु भएकोले नै हो भनी उल्लेख गरेका छन् (गौतम, २०४५) ।

मुसहर जातिका विषयमा (१८९१) भारतीय मुसहरहरु छोटा नागपुरका भूइया जनजातिकै एक हाँगा (off Shoot) हुन र मुसा+हर = 'मुसहर' शब्दको अर्थ मुसा समातने र मुसा खाने भन्ने वताएका छन् (खत्री, २००६:२५३) ।

क्षेत्री र दाहाल (२०५४) ले मुसहरहरुको वसाइ सराइ उत्तर भारतको विहार राज्यको सहर्सा, दरभंगा, पूर्णिया, भागलपुर र अररीया जिल्लाहरुवाट अठारौं शताव्दीको प्रारम्भ देखि उन्नाइसौं शताव्दीको अन्तसम्मको अवधिमा भएको हुनुपर्दछ भन्ने कुरा उल्लेख गरेका छन् (दुलाल, २०५८) ।

विष्ट, १९७६ भारतमा पाइने चराचुरुङ्गी मारीखाने घुमन्ते जातिको एक शाखाको रुपमा विकसित र विस्तारित भएको यो जाति नेपालमा कृषि मजदुरी गरेर जीवन निर्वाह गर्ने खत्वे जातिको रुपमा चिनिन्छ । यो जाति अन्य जातिको विवाहमा डोली वोक्ने र माटोको काम गर्न सिपालु मानिन्छन् (खत्री, २००६) ।

आचार्य, (१९९३) मुसा खाने भएकोले यो जातिको नाम मुसहर रहन गएको हो र यिनीहरु  आफुलाई सर्लाही, सप्तरी, महोत्तरी र सुनसरीका आदिवासी मान्दछन् । झट्ट हेर्दा शारीरिक विशेषता थारु जातिसँग मिल्ने देखिन्छ । आफ्नो भाषा छैन, मैथली भाषा वोल्दछन् भन्नुहुन्छ : (दुलाल, २०५८) ।

“मुसहर जाति र रहनसहन” भन्ने शिर्षकमा जमरकट्टेल (२०६७: लेख्दछ - मुसहर जाति सुकुम्वासी छन् । नदी किनारा तथा नहरका डिलमा भेटिने ऐलानी जग्गामा कटेरावनाइ वसोवास गर्दछन् । रिक्सा चलाउनु जनमजदुरी गर्नु यीनीहरुको मुख्य पेशा हो भने महिलाहरु घरको काम तथा बच्चा स्याहार्ने काम गर्दछन् भने पुरुषहरु रिक्सा चलाउने र जनमजदुरी गरी जीवन निर्वाह गर्दछन् भनी उल्लेख गरेका छन् ।

नेपालमा एक दलित जातिको अध्ययनमा झापाका मुसहर जाति पनि दलित जाति मध्ये एक हो । यिनीहरु भारतवाट नेपाल पसेका हुन् ।यि जातिहरु माटो काट्ने काम गर्दछन् । यिनीहरु आफ्नै जग्गा जमिन नभएकोले नागरिकता पाउनवाट समेत पञ्चित भएको कुरा उल्लेख गरेका छन् । शर्माले आफ्नो सर्वेक्षणमा भापाका मुसहर जातिलाई मात्र लिएका थिए । भनी उल्लेख गरेका छन् । (गुरुङ्ग, २०५८) ।

‘तराईका केही पिछडिएका जातिहरुको जीवनपृति’ भन्ने शिर्क्षकमा (अस्थि, २०५१) लेख्दछन् -मुसहर जातिको जग्गा जमिन खानपुग्ने छैन , जहाँ प्रमुख काममा विवाहमा डोला वोक्ने, माछा मार्ने र विक्री गरेर गरी जीवननिर्वाह गर्नु नै हो भने मुसहरनीहरुको

प्रमुख पेशा खेतीको अलावा गाउँ गाउँमा गइ खलिखान (दाइ गर्ने थलो) सोहरेर, वढारकुढार गरेर धान, गहुँ, तोरी मुसुरो, आलस जम्मा गर्नु नै हो भनी उल्लेख गरेका छन् ।

## २.३ मुसहर र अन्य जातजातिको जीवननिर्वाह वारे अध्ययन

मुसहरहरुको प्रमुख पेशा कृषि हो । यसका अलावा पशुपालन, ठेला चलाउनु, रिक्सा चलाउनु, माछा मार्ने जालहरु बुन्ने र विक्री गर्ने, माटो बोक्ने, डोरीको पल्ला ( डाला) वनाई बेच्ने वाँस चोयाको पंखा, ढाकी जस्ता सामान बनाइ बेच्ने पनि गर्दछन् तर हाल आएर शहरी, औधोगीकर यातायातको विकास भएको ठाउँमा यिनीहरु ठेला चलाउने, रिक्सा चलाउने र स्वतन्त्रपूर्वक काम गरी जीवननिर्वाह गर्दै आएका छन् । उनीहरु परम्परागत पेशा भन्दा पनि अन्य पेशा तिर संलग्न हुदैछन् भनी उल्लेख गरेका छन् (भट्टराई २०६६) ।

खत्री (२००६) ले आफ्नो अध्ययन “सामाजिक र आर्थिक परिवेश तथा समावेशीकरणको मुद्या भन्ने शिर्षकमा फत्तेपुर, सप्तरीका मुसहरहरुमा गरेको स्थलगत अध्ययनमा भन्दछन्- मुसहर युवा युवतीहरुमा आधुनिक पहिरनको प्रभाव वढ्दो छ । मौसमी श्रमको लागि बाहिर जाने क्रम बढ्दो छ, । एकात्मक परिवार प्रथा, नागरिकताको प्रमाणपत्र लिने चासो, परिवार नियोजन प्रतिको चासो वढ्दो छ । जुन आधुनिकिकरणको प्रभावले ल्याएको परिवर्तन भनी उल्लेख गरेका छन् ।

पहिले पहिले साधारण आफ्नो लाज मात्र ढाक्ने गरी धोती र फरिया मात्र लगाउने यि मुसहरहरु तराईमा बसोवास गर्ने अरु जातिको झै कुर्ता, धोती, चोलो, फरिया लगाएर हिड्न थालेका छन् जुन अरुजातिको देखासिकीको प्रभावले गर्दा भएको कुरा उल्लेख गरेका छन् । (गौतम, २०४५) ।

एल.कप्लानको (१९७०) को “ल्याण्ड एण्ड सोसियल चेन्ज” मा हिमाली भेगका जनजाति समुहले हिन्दु मुल्य मान्यतालाई अपनाएका भनेर लिम्बु र ब्राम्हण जाति विचको दन्द्वात्मक परिवेशवाट परिवर्तन भइरहेको सम्वन्धलाई व्याख्या गरेका छन् (भट्टराई, २०६७) ।

पोखरेल र क्षेत्री (२००६) ले आफ्नो अध्ययन “दलितहरुको वदलिदोजीवननिर्वाहको अवस्था” भन्ने शिर्क्षकमा पोखरा उपत्यकाको पाँचभैया भन्ने ठाउँमा गरेको स्थलगत अध्ययनमा भन्दछन् । - पोखरा उपत्यका देखि पाँचभैया सम्म बनेको नयाँ मोटर बाटोले त्यहाँको दलितहरुमा महत्वपूर्ण परिवर्तनहरु ल्याएको छ । उक्त सडक निर्माणले बजारमा गई विभिन्न सामानहरु किन्न सजिलो बनाइदिएको छ । हाल पाँचभैयामा दलितहरु पोखरा बजार आएर औद्योगिक वस्तुहरु जस्तै लुगा, घडी, चुरोट, पेयपद्धाथहरु (खासगरी पेप्सी, कोक, वियर) जस्ता सामानहरु किन्न थालेका छन् । पोखराको पाँचभैयाका दलितहरुले आफ्नो पुरानो पेशाले आफ्नो जीवनस्तर उकास्न नसकेको वरु विस्तारै गरीव हुदै गएको भनेर भन्दछन् त्यस ठाउँको दलितहरु आफ्नो परम्परागत पेशावाट असन्तुष्ट मात्र होइन बरु उक्त पेशालाई त्याग्ने प्रक्रियामा रहेका छन् । केही युवाहरुले परम्परागत पेशालाई मिति पुगेको (Out Date) र अहिलेको समयमा अप्रतिस्पर्धी र नसुहाउदो बताउँछन् ।

“कुमाल जातिको विकास र जीवननिर्वाहमा परिवर्तन” भन्ने शीर्षकमा भुर्तेल र क्षेत्री (२००६) लेख्दछन् : पोखरा जिल्लाको कुमाल समुदायमा विभिन्न परिवर्तन आइरहेका छन् साथै उनीहरुले अपनाउने जीवन निर्वाहको तरीका र परम्परागत पेशामा परिवर्तन आइरहेको छ । ती परिवर्तन आउनुको पछाडी बजारमुखी उत्पादनको विकास साथै समुदायमा वढीरहेको विभिन्न अवसरको फैलावट हो । कुमालहरु बजारमुखी उत्पादनलाई जोड दिने क्रममा छन् भने नयाँ पुस्ताहरु पुराना परम्परागत माटाको भाडा वनाउने कामलाई त्याग्दै अध्ययनतिर लागेका छन् । कोही कोही त खाडी मुलुक तिर पनि गएका छन् भने सिचाइ सुविधाले गर्दा पुरानो खेति गर्ने शैली आधुनिक खेतितर्फ लम्केका छन् ।

सत्याल (२०१०) ले झापाको राजवंशीहरुको सामाजिक, सांस्कृतिक परिवर्तनका वारेमा अध्ययन गर्दा भनेका छन् कि राजवंशीहरुको परम्परागत सामाजिक संस्था विवाह, परिवार, नाता सम्वन्ध, धर्म, भेषभुषा तथा पेशा, शिक्षा आर्थिक नीतिमा समय ठाउँ र परिस्थितिका कारण विगतको तुलनामा विस्तारै परिवर्तन भइरहेको छ । जसको कारण भनेको ठूलो जातको प्रभाव, शिक्षा, आधुनिकिकरण तथा पश्चिमिकरण र देखासिकी गर्ने शैली रहेको छ । राजवंशीहरु कृषिपेशामा संलग्न भइकन पनि हाल आधुनिक क्रियाकलाप

जस्तै साना व्यपार, शिक्षक, पशुपालन तथा नीजि तथा सरकारी सेवामा संलग्न हुदै आएका छन् ।


भुर्तेल र क्षेत्री (२००६) ले "पोखराका कुमाल जातिको विकास र जीवन निर्वाहमा परिवर्तन" नामक अध्ययनमा भन्दछन् : कुमालहरु खासगरी माटोको भाडाकुडा बनाउने परम्परागत पेशालाई छोड्दै बढी आम्दानी हुने पेशा तर्फ विस्तारै अग्रसर हुदैछन् साथै आफूले वनाएको भाडालाई बजारमा लगेर वेच्न व्यपारीक दृष्टिकोणले भाडा निर्माण गदैछन् ।

माथिका विभिन्न विद्वानहरुको भनाइ र अध्ययनबाट के भन्न सकिन्छ भने मुसहरहरु परम्परादेखि नै आफ्नो मौलिक कला, साधन, सिप तथा आफ्नै किसिमको जीवननिर्वाहका रणनीतिद्धारा आफुलाई वातावरणमा समायोजन गर्दै आइरहेका छन् ।

मुसहरहरुको भाषा, धर्म संस्कृति, खानपान, परम्परा, रहनसहन, पेशा वेग्लै रहेको छ । जसवाट उनीहरु आफ्नो जीवननिर्वाह गर्ने गर्दछन् । अन्य जातजाति भन्दा वेग्लै पहिचान बोकेका यी जातिमा पनि विगत केहीदशक देखि परिवर्तनको सिलसिला वढ्दो रुपमा छ । जसवाट उनीहरुको परम्परागत पेशा, लवाइखवाई तथा भेषभुषामा पनि विस्तारै परिवर्तन आएको छ । मुसहर जातिमा यस किसिमको परिवर्तन प्रत्यक्ष र अप्रत्यक्ष रुपमा मुसहरहरुको जीवननिर्वाहमा विस्तारै परिवर्तन आइरहेको कुरा बुझ्न सकिन्छ ।

## २.४ अवधारणागत रुपरेखा

चार्ट नं. १



# अध्याय - तीन

## अनुसन्धान विधि

कुनै पनि क्षेत्र वा विषयसँग सम्बन्धित तथ्याङ्कहरुको सम्बन्धमा क्रमबद्ध, व्यवस्थित एवं वैज्ञानिक तरिकाबाट अपनाइने विधि नै अनुसन्धान विधि हो । यसले अध्ययन अनुसन्धान गरिने प्रक्रियाको व्याख्या गर्दछ । तथ्यहरु संकलन गर्दा खासगरी प्राथमिक तथा द्वितिय स्रोतलाई महत्व दिएको छ । प्राथमिक तथा द्वितिय तथ्याङ्कहरुको विश्लेषणमा आधारित भएको हुँदा यो अध्ययन गुणात्मक एवं उद्देश्य मुलक छ ।

### ३.१ अध्ययन क्षेत्रको छनौट

मुसहर जाति नेपालको तराइका जिल्लाहरुमा बसोबास गर्दछन । सुनसरी जिल्ला पनि  मुसहर जातिको बाहुल्यता भएको जिल्ला हो । जसमध्ये यस शोध पूर्वाञ्चल विकास क्षेत्र कोशी अञ्चलको सुनसरी जिल्ला भादगाउँ सिनबारी गा.वि.स. मा बसोबास गरी रहेका मुसहर जातिको बारेमा अध्ययन केन्द्रित भएको छ । अनुसन्धानको लागि मुसहरजातिको यस क्षेत्रलाई रोज्नुको कारणहरु:

- शोधकर्ता यस ठाउँमा हुर्की बढेको हुनाले ।
- मुसहर जातिको बारेमा विस्तृत अध्ययन गर्न मन लागेको र भाषा बुझ्न सजिलो हुने हुनाले ।
- मुसहर जातिको वास्तविकता पहिचान गरी सवैको जानकारीमा ल्याउन खोजेकाले ।

### ३.२ नमुना छनौट प्रकृया/विधि

यस अनुसन्धानमा आकस्मिक नमुना छनौट (Random Sampling Method) अपनाइएको छ । यस शोधमा भादगाउँ सिनुवारी गा.वि.स भित्र रहेका मुसहर हरूको कुल जनसंख्या २,६६९ रहेको पाईन्छ । ती मध्य वडा नं. १,३,४,५,९ मा बसोबास गर्न मुसहर जातिको परिवारमा केन्द्रित रहेर ४० घरधुरी नमुना घर छानी अध्ययनको लागि आवश्यक

प्रश्नहरू तयार पारी घरमुली सँग भेट गरी अन्तर्वार्ता लिई अध्ययन गर्ने उद्देश्य लिइएको छ ।

## ३.३ तथ्याङ्कको प्रकार

यो अध्ययन तयार गर्ने क्रममा मुख्यतया निम्न २ प्रकारका तथ्याङ्कलाई प्रयोगमा लिइने छ

क) प्राथमिक श्रोतबाट लिइएको तथ्याङ्क

ख) द्धितिय श्रोतबाट लिइएको तथ्याङ्क

प्राथमिक श्रोतबाट लिईने तथ्याङ्क भन्नाले अवलोकन, प्रश्नावली, अन्तवार्ता आदिलाई आधार बनाई लिइएको तथ्याङ्कलाई बुझिने छ भने द्धितिय श्रोतबाट लिइने तथ्याङ्क भन्नाले विभिन्न किसिमका कितावहरू विभिन्न संघ संस्थाले प्रकाशित गरेका सम्वन्धित विषयका कितावलाई आधार वनाइ लिइएको तथ्याङ्कलाई बुझिनेछ ।

## ३.४ तथ्याङ्क संकलन विधि

कुनै पनि विषयको अध्ययन गर्ने क्रममा तथ्याङ्क संकलनको ठूलो भूमिका हुने गर्दछ । अध्ययनबाट प्राप्त गर्न खोजेको बास्तविकता पनि त्यस तथ्याङ्कमा निर्भर गर्दछ । सही तथ्याङ्क प्राप्त गर्नका लागि उचित खालको प्रविधिको प्रयोग गरिनु पर्दछ । यस शोधलाई तयार गर्ने क्रममा अध्ययनको लागि स्थलगत अध्ययन र वास्तविकतालाई प्रस्तुत गर्न खोजिएको छ । यसका लागि प्रयोग गरिने विधिहरू सामान्य अवलोकन र अन्तरवार्तालाई आधार मानिएको छ ।

**क) अन्तरवार्ता**

तथ्याङ्क संकलन गर्न एक पद्दतिको रूपमा अन्तर्वातालाई लिइन्छ । अवलोकनद्धारा प्राप्त हुन नसकेका तथ्याङ्कहरू प्रश्न सुची तयार पारी त्यसैको माध्यमबाट तथ्य संकलन गरिने छ । यस क्रममा प्रत्येक परिवारका घरमुली भेटेर प्रश्न सोध्ने काम गरिनेछ ।

यसका साथै समाजका बुद्धिजिवि वर्ग, शिक्षित मुसहर जाति सँग आवश्यक भएमा अन्तरवार्ता लिइ विश्वसनिय र भरपर्दो तथ्याङ्क संकलन गर्ने काम गरिन्छ ।

**ख)  अवलोकन**

अनुसन्धानको क्रममा अवलोकनको आफ्नै प्रकारको महत्व रहेको हुन्छ । शोधकर्ता आफै स्थानिय वासिन्दा भएकाले यस अवलोकन प्रविधिलाई मुसहर जातिको जीवन निर्वाहको अवस्थामा आएको परिवर्नन जस्तै खानपान, भेषभुषा, व्यवहार, आदिको तथ्याङ्क संकलन गर्नमा प्रयोग गरिएको छ । यसमा शोधकर्ता स्वयंले देखेका कुराहरूलाई समेत लेखवद्ध गर्न प्रयास गरिएको छ ।

## ३.५ द्धितीय स्रोत

द्धितिय स्रोतबाट तथ्याङ्क लिने क्रममा विभिन्न प्रकासित, अप्रकासित लेख, रचना, पुस्तक आदिलाई आधार बनाइएको छ । जस्तै गा.वि.स. मा रहेको अभिलेख, केन्द्रिय तथ्याङ्क विभाग पुराना विभिन्न पुस्तक, पत्रपत्रिका, आदिलाई द्धितिय स्रोतको रुपमा आधार बनाइ यस शोधपत्र तयार पारिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण एवं प्रस्तुति

कुनै पनि तथ्याङ्क संकलन गर्दा तथ्याङ्कहरुको प्रभावकारी विश्लेषणमा भर पर्ने हुनाले मुसहर जातिका जीवननिर्वाहको अवस्थाको अध्ययनको लागि सम्भावीत तथ्याङ्क प्रकृति अनुसार वर्गिकरण गरिएको छ । यसरी वर्गिकरण गरिएका तथ्याङ्कहरुलाई व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ । विभिन्न प्रकृतिको तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकिकरणको सहायता लिइ संख्यात्मक रुपमा विश्लेषण गरि आवश्यकता अनुसार प्रतिशत निकाली व्याख्या र विश्लेषण गरिएको छ ।

### ३.७ अध्ययनको सिमा

हरेक अध्ययन अनुसन्धानको आफ्नै सिमाहरु हुने र त्यसै सिमा भित्र रहेर कुनै पनि अनुसन्धानको निश्चित उद्देश्य प्राप्त गर्न सकिन्छ र त्यसै अनुरुपको परिणामहरु पाउन सकिन्छ ।त्यस्तै यो अध्ययन मुसहर जातिको जीवननिर्वाहको अवस्थामा आएको परिवर्तनको लागि गरिएकोले यसको सोहि अनुरुपका सिमाहरु रहेका छन् । साथै यस अध्ययनमा निम्न लिखित सिमा रहेका छन ।

- यो अध्ययन सुनसरी जिल्ला भादगाउँ सिनवारी गा.वि.स. मा केन्द्रीत रहेको छ । उक्त क्षेत्र भित्र बसोबास गर्ने मुसहर जातिलाई मात्र आधार बनाइएको छ ।
- अध्ययनको लागी आवश्यक पर्ने श्रोत साधन सिमित भएकाले समयको उपयोगबाट यस शोध कार्यलाई पुरा गरिएको छ ।
- नमुनाको आधार सानो भएकोले यस नमुनाबाट निकालिएको निष्कर्ष अन्य समुदायका मुसहरलाई प्रतिनिधित्व नगर्न पनि सक्दछ ।

# अध्याय -चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ भादगाउँ सिनुवारी गा.वि.स. को एक परिचय

कोशी अञ्चल, सुनसरी जिल्लामा पर्ने यस गा.वि.स. सुनसरी जिल्लाको करिब मध्य भागमा पर्दछ । पूर्वमा पकली गा.वि.स. र एकम्बा गा.वि.स, पश्चिममा डुम्राहा र सिगिया गा.वि.स. उत्तरमा बक्लौरी र पकली तथा दक्षिणमा एकम्बा र मधेशा गा.वि.स. पर्दछ । ऐतिहासिक  महत्वका दृष्टिले यो गा.वि.स.का बारेमा उतिसारो थाहा पाउन सकिदैन । भादगाउँ सिनवारी गा.वि.स. को "भादगाउँ"(हालवडा नं. २ मा पर्ने पुरानो भादँगाउँ) र सिनुवारी गाउँ (हालको वडा नं. ६ मा पर्ने गाउँ) को विचमा साविकको गाउँ पञ्चायतको कार्यालय रहदा दुवै नाउँलाई समावेश गरी "भादगाउँ सिनुवारी" नामाकरण गरिएको हो । यस गा.वि.स. लाई आधुनिक अवस्थामा ""झुम्का" भनेर चिनिन्छ । यस गा.वि.स. मा थारु जातिको बहुल्यता बढी छ भने अन्य जातजातिको पनि बसोबास रहेको पाइन्छ (भा.सि.गा.वि.स.कार्यालय, २०६७) ।

## ४.२. भौगोलिक अवस्थिति र क्षेत्रफल

भादगाउँ सिनुवारी गा.वि.स. को भौगोलिक विस्तार २६° २७" देखि २६° २८ उत्तरी आक्षांस  र ८७° ३३" देखि ८७° ३४ मिनेट पूर्व देशान्तर सम्म फैलिएको छ । कुल २४° ८५ वर्ग कि.मी. अर्थात ३६६८ हेक्टर क्षेत्रफलमा फैलिएको यो गा.वि.स. समुन्द्र सतहदेखि १८२ देखि१८५ मीटर उचाईमा रहेको छ । महेन्द्र राजमार्गले यस गा.वि.स. का वडा नं. २,५, ६ लाई छोएर गएको छ । समतल जमिन रहेको यस गा.वि.स. को जमिन चिम्ट्याइलो तथा कहि दोमट प्रकारको छ । खेतियोग्य जमिन रहेपनि वडा नं ९,५ र २ को आधा भागमा सिचाइ सुविधा छैन । मुख्य रुपमा दत्तकिचा र सुर्यमुखि नदी यस गा.वि.स. मा छन् भने सुनसरी मोरङ्ग सिचाई आयोजनाको मुख्यनहर यस गा.वि.स.को

वडा नं. २,५,७ हुँदै जान्छ । खेतीका लागि ८८५ हेक्टर खेतियोग्य जमिन रहेको छ । यस गा.वि.स. को वडा नं. २ र ५ को बजार क्षेत्रमा बसोबासको बृद्धि तिव्रतर गतिमा भएकोले यो गा.वि.स. को भुमि बस्ती विकासको रुपमा परिणत भइरहेको छ (भादगाउँ सिनुवारी गा.वि.स.को कार्यालय, २०६७) ।

## ४.३ सामाजिक जनजीवन

भादगाउँ सिनुवारी गा.वि.स. को सामाजिक जनजीवन पनि आफ्नै किसिमको छ । यस गा.वि.स. मा थारु जातिको बाहुल्यबढी छ भने अन्य जातिमाब्राम्ह्ण,क्षेत्री, राइ, नेवार, तामाङ्ग, मगर, बातर, मुस्लीम तेली, मुसहर  आदि जस्ता जातजातिको बसोबास रहेको पाइन्छ । यस भादगाउँ सिनुवारी गा.वि.स. मा यति धेरै जातिहरु बस्दै आएको हुँदा सबैको आफ्नो संस्कृति, रितिरिवाज, परम्परा आफ्नै भेषभुषा परापूर्व कालदेखि मान्दै आएका छन् । यस गा.वि.स. मा बसोबास गर्ने विभिन्न जनजातिको जातिगत विवरण यसप्रकार छ ।

**तालिका नं. १**

**भादगाउँ सिनुवारी गा.वि.स. को जनसंख्याको वडागत विवरण**

| वडा नं. | पुरुष | महिला | जम्मा जनसंख्या | घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | ५५८ | ५६१ | १,११९ | १८१ |
| २ | २,२६७ | २,१६३ | ४,४३० | ६८८ |
| ३ | ६४२ | ६५१ | १,२९३ | १४२ |
| ४ | २,१९७ | २,१४४ | ४,३४१ | ३६० |
| ५ | २,९८१ | २,८३६ | ५,८१७ | १,२१६ |
| ६ | १,३८५ | १,३४२ | २,७२७ | २३७ |
| ७ | २८५ | ३०२ | ५८७ | १२४ |
| ८ | ३९७ | ३५२ | ७४९ | १६९ |
| ९ | १,४११ | १,३९७ | २,८०८ | ३९० |
| जम्मा | १२,१२३ | ११,७४८ | २३,८७१ | ३,५०७ |

श्रोत : गा.वि.स. को रेकर्ड २०६७

माथिको तालिका नं. १मा भादगाउँ सिनवारी गा.वि.स. का कुलजनसंख्या २३,८७१ रहेको छ । जसमध्ये पुरुष १२,१२३ र महिला ११,७४८ रहेका छन । यहाँको कुल घरधुरी ३,५०७ रहेको छ ।सबै भन्दा बढी जनसंख्या वडा नं. ५ हो जहाँ कुल घरधुरी १,२१६ अर्थात ३४.६७

प्रतिशत रहेको पाइन्छ, भने जनसंख्या ५,८१७ अर्थात कुल जनसंख्याको २४.३६ प्रतिशत रहेको पाइन्छ । जुन वडा नं. ५ बजार क्षेत्र समेत मानिन्छ । यस गा.वि.स. मा सबै भन्दा कम घर धुरी वडा नं. ७ मा देखिन्छ । जहाँ कुल घरधुरी १२४ अर्थात ३.५३ प्रतिशत रहेको छ भने कुल जनसंख्या चाहि ५८७अर्थात २.४५ प्रतिशत रहेको छ ।

**तालिका नं २**

**धर्मको आधारमा भादगाउँ सिनुवारीको जनसंख्या**

| धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | २२,४३१ | ९३.९६ |
| इस्लाम | १,३७७ | ५.७७ |
| बौद्ध | ३८ | ०.१५ |
| किरात | १८ | ०.०७ |
| अन्य | ७ | ०.०२ |
| जम्मा | २३८७१ | १००.०० |

स्रोतः भा सि. गा.वि.स. को रेकर्ड २०६७

धार्मिक आस्थाको दृष्टिले भादगाउँ सिनुवारी गा.वि.स. हिन्दु धर्मालम्बीहरुको बाहुल्यता रहेको हो । कुल जनसंख्याको ९३.९६ प्रतिशत हिन्दु धर्मालम्बी छन । जुन हिन्दु धर्मका विभिन्न सम्प्रदायमा आस्था राख्दछन् ।

**तालिका नं ३**

**भादगाउँ सिनुवारी गा.वि.स. का प्रमुखजाति र जनजाति**

| जाति | जनसंख्या | प्रतिशत |
|---|---|---|
| थारु | ७,६९७ | ३२.२४ |
| क्षेत्री | ३,००० | १२.५६ |
| तराइ ब्राम्हण | २,०१६ | ८.४४ |
| पहाडी ब्राम्हण | १,७२५ | ७.२२ |
| मुसहर | २,६६७ | ११.१७ |
| तेली | ९९१ | ४.१५. |
| अन्य | ५,७७५ | २४.१९ |
| जम्मा | २३८७१ | १०० |

स्रोत गा.वि.स. को रेकर्ड २०६७

माथिको तालिका नं ३ मा विभिन्न जातजातिको बारेमा व्याखया गरिएको छ जहाँ थारुको जनसंख्या ७,६९७ (३२.२४) प्रतिशत हिस्सा यिनै थारुले ओगटेको पाइन्छ भने त्यसपछि क्रमश क्षेत्री (१२.५६%), तराई ब्राम्हण (८.४४%) पहाडी ब्राम्हण (७.२२%) मुसहर (११.१७%) तेली (४.१५%)र अन्य (२४.१९) जातजातिहरु यस गा.वि.स.मा बसोबास रहेको पाइन्छ । जसमध्ये कतिपय बाहिरबाट आएर बसोबास गरेको पनि पाइन्छ ।

**तालिका नं ४**

**वडा अनुसार भादगाउँ सिनुवारीका मुसहर जातीको जनसंख्या विवरण**

| वडा नं. | पुरुष | महिला | जनसंख्या |
|---|---|---|---|
| १ | २३७ | २२९ | ४६६ |
| २ | ८ | ११ | १९ |
| ३ | ६४२ | ६५१ | १२९३ |
| ४ | २६० | २८२ | ५४२ |
| ५ | ९२ | ९४ | १८६ |
| ६ | - | - | - |
| ७ | - | - | - |
| ८ | ३ | ७ | १० |
| ९ | ८२ | ६९ | १५१ |
| जम्मा | १३२४ | १,३४३ | २,६६७ |

श्रोत : गा.वि.स. को रेकर्ड २०६७

माथिको तालिका नं ४ मा मुसहर जातिको जनसंख्याको बारेमा उल्लेख गरिएको छ जहाँ सबैभन्दा मुसहरको जनसंख्या बढी भएको वडा नं ३ मा छ जुन वडा नं. ३ मा मुसहरको जनसंख्या पुरुषको ६४२ र महिलाको ६५१ छ कुल जनसंख्या १२९३ रहेको पाइयो भने सबैभन्दा कम वडा नं. ८ मा रहेको छ जहाँ कुल जनसंख्या १० छ जहाँ महिला ७ जना र पुरुष ३ जना रहेको पाइन्छ ।

# अध्याय- पाँच

## जीवन निर्वाहको अवस्था र त्यसमा आएका परिवर्तनहरु

### ५.१ मुसहर जातिको जीवननिर्वाहको अवस्था र त्यसमा आएका परिवर्तनहरु

कुनै पनि समाज, देश वा राज्यमा आएको आर्थिक, सामाजिक, राजनैतिक, पक्षमा पनि असर पार्दछ । समाज र राज्य अनुसार परिवर्तनको स्वरुप फरक फरक हुने गर्दछ । त्यस्तै मुसहर जातिमा पनि ठाउँ पिच्छे उनीहरुको जीवननिर्वाह प्रकृयामा पनि केही भिन्नता देखिएको छ । महेन्द्र राजमार्गले छोएको बजार आसपासका क्षेत्रका मुसहर जातिको जीवन निर्वाह प्रक्रियामा पहिलाको तुलनामा तिव्र गतिमा परिवर्तन भएको छ । भने अरु मुसहर जातिको परिवर्तन अलिक कम छ । अध्ययन क्षेत्रका मुसहरु जातिको विगतका वर्षदेखी हालसम्मको अवधिमा उनीहरुको पेशा, रहनसहन खानपान आदिमा पनि परिवर्तन हुँदै आएको छ । यिनै परिवर्तनहरुले गर्दा मुसहरहरुको परम्परागत पेशालाई पछाडी पादै नयाँ पेशा अवलम्वन गर्न थालेका छन् । जसले गर्दा उनीहरुको जीवन निर्वाहको अवस्थामा केही भएपनि परिवर्तन आएको छ । मुसहर जाति पिछडिएको शुद्र कहलिएको यिनीहरुले छोएको पानी नचल्ने जात हो, यिनीहरुको मुख्य पेशा कृषि हो भने माछा मार्ने, माटो बोक्ने, पोखरी खन्ने रिक्सा चलाउने जनमजदुरी गरेर जीवन निर्वाह गर्ने अर्को आधार हो तर पनि हाल आएर सानोतिनो व्यापार, व्यवसाय, पशुपालन, आधुनिक खेतीप्रणाली, ज्याला तथा मजदुरी गर्ने, नोकरी गर्ने, ड्राइभरको काम गर्न, विदेश जाने जस्ता थुप्रै काममा मुसहरहरुको बढ्दो संख्या रहेको छ । जसले उनीहरुमा आर्थिक वृद्धि हनुका साथै भविष्य प्रतिको सोच, शिक्षाप्रतिको लगाव बचतको वारेमा सकारात्मक पहल गरेको छ । आजभन्दा २०० वर्ष अगाडी जंगलका कन्दमुल, फलफुल खोजी खाइ आफ्नो जीवन विताउने यी मुसहर जाति हाल आएर खाद्यान्न उत्पादन, तरकारी उत्पादन, पशुपालन आदि गर्न थालेका छन् । खाद्यान्नमा धान, गहुँ जौं, मुसुरो, आदि उत्पादन गर्दछन् भने तरकारीमा सिमी, लौका, तितेकरेला आदि उव्जाएर नजिकैको भुम्का वजारमा

लगेर बेचेर नगद आम्दानी गरी खाद्यान्न, नुन, तेल, लुगाफाटो आदिको खर्च जुटाउने गर्दछन् जसले गर्दा मुसहरहरु वजारमुखी वन्न थालेका छन् । साथै कृषि पेशाको अलावा अन्य सहायक ज्याला मजदुरी, रिक्सा चलाउने भरीयाको काम नजिकैको बजार आसपासमा गएर गर्दछन् । जसले गर्दा यिनीहरु हाल आएर कृषिमा मात्र भर नपरेर अन्य सहायक कार्य गरेर पनि आफ्नो जीवन निर्वाह गरिरहेका छन् । यसले गर्दा मुसहर जातिको केहि हद सम्म भए पनि जीवन निर्वाह प्रकृयामा सजिलो भएको छ ।

### ५.१.१ सामाजिक अवस्था

मुसहर जातिको आफ्नै विशेष र फरक किसिमको सामाजिक सांस्कृतिक पहिचान रहेको छ । जहाँ उनीहरूको दैनिक जीवनमा, खानपान, लवाई खुवाई, भेषभुषा, आदिको छुट्टै मान्यता रहेको छ । आफ्नो छुट्टै सामाजिक सांस्कृतिक महत्व बोकेका मुसहरहरू अहिलेको अवस्था सम्म आईपुग्दा धेरै थोरै परिवर्तन भने अवस्य भएका छन् । जनजीवन, भाषा, रहन सहन, जीवन निर्वाह आदिमा ठुलै फड्को मारेको पाईन्छ । जसको चित्रण गर्ने प्रयास गरिएको छ ।

**तालिका नं. ५**

**उतरदाताको उमेर र लिङ्ग अनुसार जनसंख्याको वितरण**

| उमेर समुह | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| | संख्या | संख्या | |
| ०-९ | २७ | ३० | ५७ |
| १०-१९ | ४० | ३५ | ७५ |
| २०-३९ | १७ | १८ | ३५ |
| ३९-५९ | ३० | २५ | ५५ |
| ६० भन्दा माथि | १५ | ५ | २० |
| जम्मा | १२९ | ११३ | २४२ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

यसरी अध्ययनका लागि छनौट घर उत्तरदाताको परिवार संख्या मध्ये महिला ११३ र पुरूष १२९ गरी जम्मा २४२ जना रहेको पाईयो । यसबाट पनि के प्रष्ट हुन्छ भने मुसहर जातिमा घर परिवार संख्या वढी नै रहेको पाईयो । अध्ययन क्षेत्रमा पनि महिलाहरूको संख्यामा कम हुनाले मुसहर पुरूषको महत्व वढि भएको पाईयो साथै पुरूषले नै घरमुलीको दायित्व समालेको पाईन्छ ।

### ५.१.१.२ परिवार

यस भादगाउँ सिनुवारी गा.वि.समा वसोवास गर्ने मुसहर जातिको सामाजिक पक्षको अध्ययन गर्ने क्रममा यिनीहरू कस्तो परिवारमा वसेका छन भन्दा मुसहरहरू संयुक्त परिवार र एकात्मक परिवारको रूपमा बसेको पाईन्छ । भादगाउँ सिनुवारी गा.वि.सका मुसहरहरू पनि वृहत परिवारमा वस्दै आएका मुसहरहरू अहिले एकात्मक परिवारमा वस्न वढी रूचाउदै आएको पाईन्छ । विशेष गरी घरका सदस्य हरू कमाउने र नकमाउने अवस्थामा विशेष गरी छुटिएर वस्ने चलन रहेको पाईन्छ । उत्तरदाताको पारिवारिक प्रकार तल दिइएको छ ।

**तालिका नं. ६**

**उत्तरदाताको छनौटमा परेका मुसहरको पारिवारिक प्रकारको वर्गीकरण**

| परिवारको प्रकार | संख्या |
|---|---|
| एकात्मक | २२ |
| संयुक्त | १८ |
| जम्मा | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार यस भादगाउँ सिनुवारी गा.वि.स मा उत्तरदाता परिवारहरू मध्ये २२ घर परिवार एकात्मक किसिमको पाईयो भने १८ घर परिवार संयुक्त परिवारमा वसोवास गर्ने गर्दै आएको पाईयो । यस तालिकाबाट के देखिन्छ भने यस

गा.वि.स मा वसोवास गर्ने परिवारमा एकात्मक परिवार र संयुक्त लगभग दुवै किसिमको वरावर जस्तो वसोवास गरेको पाईयो ।

खासगरि छोराहरूको विहेवारी भएर १-२ सन्तान भएपछि छुट्टै वस्न मन भएको पाईयो भने, घरझगडा, कमाईले खान नपुग्ने आदि कारणले पनि एकात्मक परिवार रोजेको पाईयो ।

### ५.१.१.३ शिक्षा

मुसहर जातिमा दैनिक जीवन यापनको समस्याले गर्दा मुसहर जाति त्यति शिक्षामा उत्सुक नभएको कारण पछाडि परेको देखिन्छ । भादगाउँ सिनुवारी गा.वि.स का मुसहरहरूको चेतनाको कमि आउनु, शिक्षाको महत्व वुझ्न नसक्नु, गरिवी तथा अन्य विभिन्न आर्थिक तथा सामाजिक सांस्कृति कारणका कारण शैक्षिक स्तर न्यून रहेको पाईन्छ । तर अहिले आएर विस्तारै मुसहरहरूले शिक्षाप्रति चासो राखेको पाईन्छ । अध्ययन गरिएका ४० परिवारको शैक्षिक स्थिति तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ७**

**उत्तरदाताको शैक्षिक अवस्थाको वर्गीकरण**

| विवरण | पुरूष संख्या | महिला | जम्मा |
|---|---|---|---|
| साक्षर | २५ | ८ | ३३ |
| निरक्षर | ३९ | ७८ | ११७ |
| निम्न माध्यमिक | ३७ | १५ | ५२ |
| माध्यमिक | २० | ११ | ३१ |
| एस.एल.सी | ७ | १ | ८ |
| ंप्रविणता प्रमाणपत्र तह | १ | - | १ |
| जम्मा | १२९ | ११३ | २४३ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकामा भादगाउँ सिनुवारी गा.वि.स का मुसहरहरूमा शिक्षा प्रति वढ्दो चाहना देखिए तापनि त्यो प्रयाप्त भने छैन आजभन्दा अगाडि को स्थिती सुधारिएको भएता पनि अभै मुसहरहरको शैक्षिक स्थिति न्यून नै छ । अध्ययन गरिएका २४२ मध्ये ११७ जना निरक्षर छन जसबाट मुसहर जातिको कमजोर शैक्षिक स्थिति थाहा पाउन सकिन्छ । तर अहिले आएर +२ पास गर्ने १ जना मात्र भए पनि मुसहर व्यक्तिले पढेकाले केही हदसम्म यसलाई परिवर्तनको संकेत मान्न सकिन्छ । हाल आएर निशुल्क शिक्षाका कारण कतिपय मुसहर जाति पढ्नमा उत्सुक देखिन्छन भने आर्थिक स्थिति कमजोर भएको कारण पैसा कमाउनु पर्ने वाध्यताले बिचैमा विद्यालय छोड्नेको संख्यामा पनि कम भने हुन सकेको छैन ।

### ५.१.१.४ स्वास्थ्य

मानिसका अन्य आवश्यकता मध्ये स्वास्थ्य पनि एक हो । मानिस निरोगी भए पछि मात्र ऊ शारीरिक रूपमा वलियो भएर जीवन खुसी भएर विताउँदछ । भादगाउँ सिनुवारीका मुसहर जातिमा चेतनाको कमि, अशिक्षा, आर्थिक रूपमा विपन्न हुनु, रूदीवादी र अन्धविस्वासले डेरा जमाउनु आदि कारणले गर्दा पनि स्वास्थ्य प्रंति यिनिहरूमा चेतनाको कमि भएको महसुस हुन्छ । उत्तरदाताहरूलाई रोग लाग्ने कारण उनीहरूले उपचारलाई महत्व दिएका छन जसलाई निम्न तालिकाबाट प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ८**

**भादगाउँ सिनुवारी गा.वि.स का मुसहरहरू उपचार गर्न जाने ठाउँ**

| | छनौट - घरपरिवार | धामी, झाँकी | अस्पताल | स्वाथ्यचौकी | अन्य |
|---|---|---|---|---|---|
| | १० | ३ | २ | ५ | – |
| | १० | ४ | २ | २ | २ |
| | ८ | २ | १ | ४ | १ |
| | ५ | १ | - | ३ | २ |
| | ७ | ३ | २ | १ | १ |
| जम्मा | ४० | १३ | ७ | १५ | ६ |

स्थलगत सर्वेक्षण २०६७,

माथि तालिकामा भादगाउँ सिनुवारी गा.वि.स.का मुसहरहरू मा केही परिवर्तन आएको पाइन्छ । जहाँ उनीहरू धामी झाँक्री भन्दा पनी स्वास्थ्यचौकी जाने गरेको बताए । र जसमा सबैक्षणको क्रममा ४० घरधुरीका मुलीसँग उपचार गर्न कहाँ जानुहुन्छ । भन्ने प्रश्व गरेकोमा १५ घर परिवारले स्वास्थ्यचौकी जाने, १३ घर परिवारले धामी, झाक्री कहाँ जाने र अस्पताल जाने, ७ घर र अन्य ठाउँ जाने ६ घर रहेको पाइयो । पहिलेको अवस्थामा धामी झाँक्रीलाई वढी विस्वास गर्ने यस मुसहर जातिमा स्वास्थ्य चौकी जानु ।

### ५.१.१.५ घरको बनावट

यहाँ बसोवास गर्ने अधिंकाश मुसहरहरूको परिवार खरको छाना भएका र जस्तापाताको छानो भएका घरमा बस्ने गर्दछन् । जसलाई निम्न तालिकावाट प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ९**

**उत्तरदाताको घरको किसीमको आधारमा वर्गीकरण**

| घरको किसिम | कुल परिवार संख्या |
|---|---|
| कच्ची घर | ३० |
| खपडा/जस्ता पाताको छानो भएका ढलान पक्की | १० |
| ढलान पक्की | ० |
| जम्मा | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

प्रस्तुत तालिका अनुसार उत्तरदाताहरु मध्ये घरको किसिमलाई हेर्दा ३० घर पाइयो त्यस्तै १० घर परिवार जस्ता पाताको छानो भएको घर पाइयो भने ढलान पक्की घर कसैको पनि छैन । १० वर्ष अगाडिको घरको अवस्था हेर्दा अहिले आएर केहीले भएपनि टिनको छानो हाल्ने यात खबटाले छाएको घर पाइयो ।

## तालिका नं. १०

## उत्तरदाताको विजुली सम्वन्धी तथ्याङ्क

| विवरण | कुल परिवार संख्या |
|---|---|
| बिजुली भएका | ३० |
| बिजुली नभएका | १० |
| जम्मा | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका अनुसार यस गा.वि.स.मा ४० उत्तरदाता घरधुरि मध्ये ३०घरमा बिजुली भएको पाइयो । भने १० घरमा बिजुली नभएको पाइयो । अवलोकनका क्रममा कसैले आफ्नै नाममा मिटर जडान गरिएको पाइयो भने कसैले पोलवाट चोरेर लाइन ल्याएको पाइयो भने कसैले अर्कैको घरवाट लाइन तानेर बिजुली बालेको पाइयो ।

यसरी भादगाउँ सिनुवारीका मुसहरहरु पहिले बिजुलीको प्रयोग नगरी अन्य बत्तीको प्रयोग गर्दथे भने अहिले आएर अधिकांश मुसहरले बिजुलीको प्रयोग गरेको पाइन्छ । जुन अहिले यिनीहरुमा देखिएको परिवर्तन मान्न सकिन्छ ।

## तालिका नं. ११

## उत्तरदाताको चर्पी सम्वन्धी विवरण

| विवरण | कुल परिवार संख्या |
|---|---|
| चर्पी भएका | ८ |
| चर्पी नभएका | ३२ |
| जम्मा | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथीको तालिका अनुसार भादगाउँ सिनुवारी गा.वि.स.मा रहेका ४० उत्तरदाता मध्ये ८ र चर्पी भएका र ३२ घर परिवार चर्पी नभएका पाइयो । यसवाट के प्रष्ट हुन्छ भने यस गाउँका अधिकांश मुसहर जातिले चर्पीको प्रयोग नगर्ने पाइयो । भादगाउँ

सिनुवारी गा.वि.स.का मुसहरहरु आर्थिक, स्थिति कमजोर भएको कारण चर्पी वनाउन नसकेको प्रष्ट पार्दछन् । खानलाई पुग्दैन कहाँबाट पैसा ल्याएर चर्पी बनाउनु भन्ने कुरा वताउँछन ।

### ५.१.१.६ परिवार नियोजन प्रतिको धारणा

यस भादगाउँ सिनुवारी गा.वि.स का मुसहर जाति लामो समय देखि पिछडिएको, शिक्षा र चेतनाको कमी भएको देख्न पाईन्छ । यीनिहरुमा परम्परादेखि गाँजिदै आएको रुढीवादी संस्कृतिले अहिले सम्म पनि यिनहरुले छोड्न सकेको पाइदैन । यसरी एकातिर रुढीवादी संस्कृतिबाट मुसहर दविएका छन भने अर्कोतर्फ विकासको फललाई आफ्नो हितमा प्रयोग गर्न सकिरहेका छैनन् ।

यस अध्ययनको क्रममा परिवार नियोजनप्रति सकारात्मक धारणा भने रहेको पाइयो । सडक बिस्तार, शिक्षा, चेतना आदिले पनि यस मुसहरमा केही झिनो रुपमा चेतना भएको पाइन्छ । परिवार नियोजनप्रतिको सकारात्मक सोच रहेको पाइयो । हाल आएर पुरानो सोचाइमा परिवर्तन भएको छ । परिवार नियोजन गरी सु:खी परिवार बनाउनुपर्छ भन्ने धारणा केहीमा विकास भएको छ । अनुसन्धानको क्रममा परिवारनियोजन सम्वन्धि विवरण तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२**

**परिवारनियोजन सम्वन्धि विवरण**

| विवरण | घरधुरी परिवार संख्या |
|---|---|
| स्थायी परिवार नियोजन गर्ने | ७ |
| अस्थायी साधन प्रयोग गर्ने | १७ |
| कुनै पनि साधन प्रयोग नगर्ने | १३ |
| जम्मा | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

प्रस्तुत तालिका अनुसार उत्तरदाताहरु मध्ये स्थायी परिवार नियोजन गर्ने ७ घर पाइयो त्यस्तै अस्थायी साधन प्रयोग गर्ने १७ घर पाइयो भने कुनै पनि साधन प्रयोग नगर्ने १३ घर पाइयो ।

छोराले बुढेसकालमा आफ्नो हेरचार गर्छ आफ्ना वंश अगाडी बढ्दछ । छोरीलाई अर्काको घरमा दिने जात हो भन्ने मान्यताले प्रश्रय पाएको मुसहर समाजमा छोरीको तुलनामा छोराको महत्व बढी भएको पाइन्छ ।

### ५.१.२ भू-स्वामित्वको अवस्था

भू-स्वामित्वले आर्थिक अवस्थाको स्थितिलाई संकेत गर्दछ । जोसँग प्रसस्त जग्गा जमिन छ त्यसको आर्थिक अवस्था सक्षम छ भन्ने जानकारी भू-स्वामित्ववाट थाहा हुन्छ । यस भादगाउँ सिनुवारी गा.वि.स.का मुसहर जातिको जग्गाको स्वामित्व अति नै न्यून रहेको पाइयो । उत्तरदाताहरुको जग्गा जमिनको विवरणलाई निम्न तालिकावाट प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. १३**

**भू-स्वामित्वको आधारमा उत्तरदाताको वर्गिकरण**

| जग्गाको विवरण | कुल परिवार संख्या | कैफियत |
|---|---|---|
| आफ्नो स्वामित्वको नम्वरी | २ | २ कठ्ठा |
| ऐलानी तथा सार्वजनिक | ३६ | |
| अर्काको शरणमा (भूमिहिन) | २ | |
| जम्मा | ४० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका अनुसार उत्तरदाता ४० घरधुरी अध्ययन गर्दा उनीहरुको जग्गा जमिन अति नै न्यून रहेको पाइयो । जसमा आफ्नो नम्वरी जग्गा २ कठ्ठा भएको २ घर रहको छ । त्यस्तै ऐलानी जग्गामा बस्ने ३६ घर रहेको छ भने अर्काको शरणमा रहेका

अर्थात आफ्नो भूमि नभएका २ घर रहेका छन् । यस तालिका अनुसार यस गा.वि.स.मा धेरै मुसहर परिवार ऐलानी जग्गामा रहेको पाइयो ।

पहिले कहिले पनि एक ठाउँमा नबस्ने बसे पनि धेरै दिनसम्म नवस्ने भएकोले यीनीहरुको घर पनि स-साना भुप्रा देखिन्छन् । भू–स्वामित्वको दृष्टिकोणले मुसहर भूमिहिन देखिएका छन् । आवासका लागि र खेतीपाती गर्ने भूमी नै नभएको र भए पनि यति अल्प मात्रामा भएको देखिन्छ कि त्यसवाट जीवनयापनका लागि कृषिकार्य गर्न उनीहरुको भूमि सम्भव नै छैन ।

**तालिका नं. १४**

**उत्तरदाताको जग्गाको स्वामित्वको वर्गिकरण**

| जग्गाको विवरण | कुल परिवार संख्या |
|---|---|
| भूमिहिन | २ |
| ५ धुर मात्र भएको | १४ |
| १० धुर मात्र भएको | १५ |
| १० धुर देखि १ कठ्ठा भएको | ७ |
| १ कठ्ठा देखि २ कठ्ठा भएको | २ |
| जम्मा | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका अनुसार ४० घर उत्तरदाता मध्ये २ घर आफ्ना  जग्गा जमिन नभएको रहेको पाइयो भने ५ धुर मात्र भएको,  १४ घर र १० धुर सम्म भएको १५ घर, १० धुर देखि १ कठ्ठा सम्म भएको २ घर रहेको छ । यसवाट के प्रष्ट हुन्छ भने नम्वरी जग्गा न्यून रहेको पाइयो भने ऐलानी जग्गामा  धेरैले जग्गा ओगटेर बस्ने गरेको पाइयो । यसरी मुसहरहरुमा भएको अशिक्षा, गरीवी, पछौटेपन भविष्यप्रतिकोसोच नभएको कारणले यिनीहरु आज पनि यस्तो अवस्थामा जीवन जीवन वाध्य छन् । ऐलानी जग्गा ओगटेर किन बसेको भन्ने प्रश्नमा मुसहरहरु आफु गरिव भएको, खान लाउनै कठिन छ कहाँवाट

जग्गा किन्नु भन्दछन् साथै भाग्यवादी सोच भएको कारणले आफुहरु यस्तो हुनुमा भाग्यलाई दोस दिनछन् । अहिले पनि यिनीहरु सरकार र सहयोगी संस्थाले जमिन उपलब्धी गराइदिए हुन्थ्यो भन्दछन् तर हाल आएर कतिपय मुसहरहरुको सोचमा परिवर्तन आएको छ । हाल छोरा छोरी पढाउनु, शिक्षा दिनुका साथै साथै विदेश पठाउन थालेका छन् । जहाँ विदेशवाट कमाएर आफ्नो आर्थिक स्थितिमा सुधार आउने आशय व्यक्त गर्दछन् । अहिलेको मुसहरहरुमा भविष्यप्रतिको सोच रहेको पाउन थालिएको छ जसले गर्दा यिनिहरुमा सुधार नआउला भन्न सकिदैन ।

### ५.१.३ पेशा

मानिसको आर्थिक अवस्था उसले गर्ने पेशामा भर पर्दछ । पेशाको आधारवाट पनि सामाजिक अवस्थाको पहिचान गर्न सकिन्छ । भादगाउँ सिनुवारी गा.वि.स.का मुसहर जातिको परम्परागत पेशा कृषि रहेको पाइन्छ । जुन अहिले आएर पनि सिमीत भुमिहरुमा परम्परागत खेती गर्दछन् जसको उत्पादन न्यून छ । कृषि क्षेत्रमा न्यून ज्यालामा मजदुरी गर्दछन् यस वाहेक जिविकोपार्जन गर्ने क्रममा मजदुरी गर्नु, ठेला चलाउनु, रिक्सा चलाउने, अरुको घरमा काम गर्ने, भट्टामा काम गर्ने आदि जस्ता काम आफ्नो पेशाको रुपमा अगाल्दै आएको पाइन्छ । भने कृषि पेशा मुसहरहरुको मुख्य पेशा रहेको छ । तर सिचाइको अभाव, आधुनिक मल, विऊ र औजारको अभावले कृषिवाट प्रयाप्त उत्पादन भने पाउन सकेका छैनन् । अध्ययन क्षेत्र भादगाऊँ सिनुवारी गा.वि.स.का मुसहर जातिमा विगत केही समय यता उनीहरुले अपनाउने पेशामा विभिन्न परिवर्तनहरु ल्याउदै आएको पाइन्छ । जहाँ परम्परागत पोशाकहरुलाई पनि आधुनिक तरिकावाट लुगाफाटो लगाउँदै आएका छन् भने जीवननिर्वाह गर्न नसकेकोले बैकल्पिक पेशाहरु अपनाउँदै आएका छन् । भने केही मुसहरहरले मुख्य पेशा पनि मान्दै आएका छन् । यसका अतिरिक्त पुरुषहरुले हिउँदे मौसममा माटोकाटी गह्रा सम्माउने, पशुपालन गर्ने, ठेला चलाउने, रिक्सा चलाउने, माछा मार्ने जालहरु बुन्ने र विकी गर्ने, माटो बोक्ने डोरीको पल्ला पल्ला बनाई बेच्ने र बाँसको पंखा/ढाकी जस्ता विविध प्रकारको सामान वनाइ बेच्ने गरेको पाइन्छ । घरमा

बसीबसी महिलाले पनि त्यतो काम गर्ने गरेको पाइन्छ । भने शहरी, औधोगीक र यातायातको विकास भएको ठाउमा ठेला चलाउने, रिक्सा चलाउने, स्वतन्त्रपूर्वक कामगरी जीवन तथा परीवार धानेको पाइन्छ ।

अध्ययन गरीएका ४० घर परिवारमा अपनाउने पेशाको आधारमा अत्तरदाताको वर्गीकरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५**

**पेशामा संलग्न उत्तरदाता सम्वन्धी वर्गीकरण**

| पेशाको विवरण | कुल परिवार संख्या |
|---|---|
| कृषि पेशा | १० |
| इट्टा भट्टामा काम गर्ने | ९ |
| ठेला रिक्सा चलाउने | ६ |
| विदेश जाने | ५ |
| माटो काट्ने | ५ |
| हलो जोत्ने हली | ३ |
| नोकरी | १ |
| अन्य | ४ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिकालाई हेर्ने हो भने मुसहरहरु हाल आफ्नो परम्परागत पेशाको अलावा अन्य पेशालाई आफ्नो अनुकुलता र क्षमता अनुरुप विभिन्न पेशातर्फ उन्मुख भएको पाईन्छ । पहिले मुसरह जाति कृीष पेशामा मात्र संलग्न थिए पने अहिले आएर इटा भटामा काम गर्ने विदेश जाने, नोकरी गर्ने जस्ता नयाँ नयाँ पेशमा संलग्न भएको प्रष्ट हुन्छ । जहाँ कृषि पेशा अपनाएको १० घर रहेको छ भने इटा भटामा काम गर्ने ९ घर रहेको छ । त्यस्तै ठेला रिक्सा चलाउने ६ घर रहेको पाईन्छ । भने विदेश गएको घर ५ घर रहेको पाईन्छ त्यस्तै माटो काट्ने, काम गर्ने २ घर रहेको पाईयो । भने हलो जोत्ने

हली (हलीको काम गर्ने) ३ घर रहेको पाईयो भने नोकरी पेशा अपनाएको १ घर रहेको पाइयौ र अन्य पेशा संलग्न ४ घर रहेको पाईयो ।

भादगाउँ सिनुवारी गा.वि.स.का मुसहरहरु वढ्दो शैक्षिक स्तर, सचेतना तथा अन्य विभिन्न पक्षको विकास जस्तै वजार विस्तार सडक निर्माण, कलकारखानाको निर्माण देखासिकी आदि कारणले गर्दा हाल मुसहरहरु परम्परागत पेशा भन्दा अन्य आर्थिक लाभ हुने पेशा तर्फ उन्मुख रहेको पाइन्छ । भादगाउँ सिनुवारी गा.वि.स.का मुसहरहरुको नयाँ पेशाको रुपमा व्यापार, भट्टामा काम गर्ने, नोकरी गर्ने तर्फ वढ्दो संलग्नताले मुसहरहरुको जीवननिर्वाहमा नयाँ नयाँ पेशाको प्रवेशलाई प्रष्ट पार्दछ । साथै उनीहरुको पेशा परिवर्तनसँगै भइरहेका सामाजिक परिवर्तन तथा वढ्दो जीवनस्तर प्रस्तुत गर्दछ ।

### ५.१.४ उत्पादन

उत्पादन पनि मानिसको आर्थिक अवस्था कस्तो छ भन्ने कुरा उत्पादन हुने खाद्यान्नबाट पनि थाहा पाउन सकिन्छ । यस गा.वि.स.का मुसहर जातिले विशेष गरी धान, गुहँ, मुसुरो, आलस, खेसडी आदि उत्पादन गरेको पाईन्छ । प्राय मुसहरहरु आर्थिक अभावका कारण रसायनिक मल, उन्नत विउ, प्रयोग नगरेर परम्परागत आधारमा खेती गरेको पाइन्छ । जसले गर्दा उनीहरुलाई परिवार पाल्न गाऱ्हो परेको देखिन्छ । जसलाई निम्न तालिकाबाट प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. १६**

**उत्तरदाताको अन्न उत्पादन स्थितिको वर्गीकरण**

| उत्पादन (मनमा) | कुल परिवार संख्या |
|---|---|
| ०-७ | १२ |
| ७-१२ | १४ |
| १२-१५ | ५ |
| १५-२० | ६ |
| २० भन्दा माथी | १ |
| जम्मा | ३८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

भादगाउँ सिनुवारीगा.वि.स.का मुसहरहरुको उत्पादन परिमाण हेर्दा हाल पनि खान पुग्ने गरी उत्पादन भएको पाइदैन । जसमा ०-७ मन खाद्यन्न उत्पादन गर्नेको संख्या १२ घर रहेको छ । त्यस्तै ७-१२ मन अन्न उत्पादन गर्नेको संख्या १४ रहेको पाइन्छ । त्यसैगरी १२-१५ मन उत्पादन गर्नेको संख्या ५ घर रहेको पाइन्छ । त्यस्तै १५-२० मन उत्पादन गर्नेको घर संख्या ६ रहेको छ भने २० भन्दा माथि १ घर मात्र रहेको पाइन्छ । यसवाट पनि के थाहा पाउन सकिन्छ अझै पनि मुसहरलाई परिवार पाल्न धौ धौं भएको छ । यहाँ खेती गर्ने जग्गा भए पनि आकाशे पानीको भर पर्नुपर्ने भएकोले उब्जाउ कम हुने हुँदा आफ्नो खेतीवाट केही महिनालाई मात्र परिवारमा खान पुग्दछ भने अर्को तर्फ कम उत्पादनशिल जग्गा, सिचाइको अभाव, आधुनिक खेतीसम्वन्धी ज्ञानको अभाव साथै परम्परागत खेती प्रणालीले उत्पादन कम भएको पाइन्छ ।

### **५.१.५. खानपानको अवस्था**

खाना मानिसको आधारभुत आवश्यकता मध्येको एक हो । उत्पादन गरे अनुसारको खान नपुग्नुले पनि भादगाउँ सिनुवारी गा.वि.स.का मुसहर जाति कष्टकर जीवन जिउन वाध्य भएको पाइन्छ । त्यसैले यस गा.वि.स.का मुसहरहरुको खानपानको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७**

**उत्तरदाताको अन्न उत्पादन स्थितिको वर्गीकरण**

| पहिलेको अवस्था | | हालको अवस्था | |
|---|---|---|---|
| विवरण | कुलपरिवार संख्या | विवरण | कुलपरिवार संख्या |
| वर्षभरी खानपुग्न | – | वर्षभरी खानपुग्ने | २ |
| आधा पुग्ने | ११ | आधा पुग्ने | १५ |
| छाकछाकी | २९ | छाकछाकी | २३ |
| जम्मा | ४० | जम्मा | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका अनुसार भादगाउँ सिनुवारी गा.वि.स.का मुसहर जातिको खाद्य पहुँच अति नै न्यून रहेको पाइन्छ । पहिलेको अवस्थामा वर्षभरी खान नपुग्ने स्थिति थियो भने ठेक्का मजदुरी गरेर आधा खान पुग्ने घर ११ रहेको पाइन्छ । भने छाकछाकी अर्थात विहान बुलुका धौं धौं हुने घर संख्या २९ रहेको पाइएको छ । सीमित परिश्रमिकमा काम गर्ने हुँदा खानलाउन धौं धौं हुन्थ्यो भने हाल आएर यीनीहरुको जीवन निर्वाहकमा केही परिवर्तन पाइएको  छ। अहिले अर्काको खेत जोत गरेर वर्षभरी खान पुऱ्याउने घरसंख्या २ घर रहेको पाइयो भने आधा खाना पुऱ्याउने घर १५ रहेको छ ।  आफै पनि छाकछाकै तथा दैनिक कमाइकै आधारमा जीवन चलाएका परिवारको संख्या २३ रहेको पाइन्छ ।

यसरी मुसहर जातिमा गरीवी, अशिक्षा, अचेतना पछौंटेपन आदिले गर्दा यिनिहरुको अवस्था दयनिय छ । कृषि माथि अत्याधिक भररहनु, नीजि जग्गा नुहुन आदि कारणले पनि मुसहरहरु पछि परेका छन मुसहरहरुमा अशिक्षा चेतनाको कमीले उनीहरु पछि परेका छन साथै विहान खाए वेलुका के खाने अवस्थाका मुसहर जाति मजदुरी गर्ने अर्काको जग्गा कमाउने साथै हली वस्ने गर्दछन तर पनि कमाएको पैसा वचत गर्न छोडेर रक्सी खाएर खर्च गर्ने प्रवृतिले पनि यीनिहरुको अवस्था नाजुक वनेको छ । तर हाल विस्तारै वढ्दो आधुनिक खेति प्रणाली, उन्नत जातको बिऊ विजन तथा रसायनिक मलको प्रयोगका साथै उन्नत जातका गाई, भैसी पालनले गर्दा यीनीहरुको स्थितिमा केही सुधार भने पक्कै आएको छ । भादगाउँ सिनुवारी गा.वि.स.का मुसहर जातिले जीवन धान्न विभिन्न व्यापार, पशुपालन पनि गरेको पाईन्छ । जसले गर्दा जीवन निर्वाहमा परिवर्तन भने अवस्य देखिएको छ ।

**तालिका नं. १८**

**उत्तरदाताको खाना पकाउने श्रोत सम्वन्धि वगीकरण**

| विवरण | कुल परिवार संख्या |
|---|---|
| ग्यास/मट्टितेल | ५ |
| दाउरा/गुइठा | ३५ |
| जम्मा | ४० |

श्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार ४० घर उत्तरदाता घरधुरी मध्ये ग्यास/मट्टितेल प्रयोग गरेर खाना पकाउने ५ घर रहेको पाईयो भने दाउरा, गुइठा प्रयोग गर्ने घर ३५ घर रहेको पाईयो । यसबाट के प्रष्ट हुन्छ भने मुसहर जाति अधिकांश दाउरा गुइठा प्रयोग गरेर खाना पकाउने गर्दछन भने अहिले आएर मट्टितेल र ग्यास पनि मुसहरहरु प्रयोग गर्न थालेका छन ।

यसरी मुसहरहरुमा प्रत्यक्ष र अप्रत्यक्ष रुपले आधुनिक संस्कृतिको प्रभाव पर्न थालेको छ जुन थोरै वा धेरै मात्रामा मुसहर जातिले पनि अपनाउन थालेका छन ।

**तालिका नं. १९**

**अत्तर दाताको दाउरा संकलन गर्ने सम्वन्धी वर्गीकरण**

| विवरण | कुल परिवार संख्या |
|---|---|
| वन/जंगल | २० |
| गाउँघरवाट | ५ |
| किनेर | १० |
| अन्य | ५ |
| जम्मा | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिका अनुसार ४० घर उत्तरदाता परिवार संख्या मध्ये खाना पकाउने र अन्य प्रयोजनका लागि २० घर दाउरा बंन जंगलवाट ल्याउने, गाउँघरवाट ५ घर संकलन गरेर प्रयोग गर्ने, किनेर प्रयोग गर्ने १० घर रहेको पाइयो भने अन्य प्रयोग गरेर ५ घर रहेको पाइयो । यसवाट के प्रष्ट हुन्छ भने आवश्यकपर्दा मुसहर किनेर भए पनि दाउरा प्रयोग गर्दा रहेछन् ।

**तालिका नं. २०**

**उत्तरदाताको खानेपानी श्रोत सम्वन्धि वर्गीकरण**

| विवरण | कुल परिवार संख्या |
|---|---|
| कल (निजी) | ५ |
| कल (सरकारी) | ३५ |
| जम्मा | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

भादगाउँ सिनुवारी गा.वि.स को मुसहरहरुको खानेपानी श्रोत सम्वन्धि परिणाम हेर्दा हाल पनि निजी कलको पानी प्रयोग गर्न ५ घर र अरु सरकारी कलको पानी प्रयोग गर्ने गरेको पाईयो । यसबाट के स्पष्ट हुन्छ भने अधिकांश मुसहरहरु सरकारी कल प्रयोग गर्ने गरेको पाइयो ।

**तालिका नं. २१**

**उत्तरदाताको खेतबारी जोताई सम्वन्धि वर्गीकरण**

| विवरण | कुल परिवार संख्या |
|---|---|
| कोदालो | ८ |
| गोरु | २५ |
| ट्याक्टर | ७ |
| जम्मा | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

उक्त माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने यस मुसहर जातिमा खेतीवारी जोत्नका लागि विभिन्न सामग्रीको प्रयोग गरेको पाईन्छ । जसमा कोदालो खनेर खेतवारी गर्ने ८ घर, गारुले खेतवारीमा जोताई गर्ने २५ घर र ट्याक्टरको प्रयोग गरेर खेतवारी जोताई गर्ने ७ घर रहेको पाईयो । आजभन्दा १० बर्ष अगाडी हलो र कोदालोको प्रयोग गरेर खेतवारी जोतेको पाइन्थ्यो भने अहिले ट्याक्टरको प्रयोग गर्न थालेको पाईयो । जसबाट यीनीहरुको स्थितिमा केही सुधार भने पक्कै आएको छ ।

**तालिका नं. २२**

**उत्तरदाताको सिचाई सम्वन्धि वर्गीकरण**

| विवरण | कुल परिवार संख्या |
|---|---|
| बर्षाको पानी | २ |
| कुलोको सिचाई | १० |
| जेनेरेटर | ५ |
| अन्य | ५ |
| जम्मा | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने ४० घर उत्तरदाता परिवार मध्ये सिचाईको लागि बर्षाको पानी प्रयोग गर्ने २० घर, कुलोको सिचाइ गर्न १० घर, जेनेरेटर प्रयोग गर्ने ५ घर रहेको पार्ययो । यसबाट के स्पष्ट हुन्छ भने यस गा.वि.स मा जेनेरेटर को प्रयोग गरेर खेतीपाती गर्ने गरेको पाइन्छ भने मुसहरहरुमा केही भए पनि परिवर्तन आएको पाईन्छ । आजभन्दा केही दशक अगाडि सम्म बर्षाको पानीमा निर्भर रहन पर्ने मुसहर जाति अहिले आएर खेतीपाती गर्ने बर्षाको भर नपरेर जेनेरेटर पनि चलाउन सफल भएका छन ।

**तालिका नं. २३**

**उत्तरदाताको अन्नवाली वोक्ने सम्वन्धि वगिकरण**

| विवरण | कुल परिवार संख्या |
|---|---|
| रिक्सा | १५ |
| गोरुगाडा | १० |
| ट्याक्टर | ८ |
| अन्य | ७ |
| जम्मा | ४० |

श्रोत स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार ४० घर उत्तरदाता मध्ये अन्नवाली बोक्नको लागि रिक्सा प्रयोग गर्ने घर १५, गोरुगाडा प्रयोग गर्ने १० घर, ट्याक्टर प्रयोग गर्ने ८ घर, अन्य साधन प्रयोग गर्ने ७ घर रहेको पाईयो । जसबाट के प्रष्ट हुन्छ भने अन्नवाली बोक्न पनि यस भादगाउँ सिनुवारी गा.वि.स का मुसहरहरुले नयाँ प्रविधि को प्रयोग गर्न थालेको छन । जसमा ट्याक्टर, रिक्साका साथै अन्यमा साईकल, गाढा आदि प्रयोग गरी अन्न वाली ओसार पसार गर्ने गरेको पाईयो ।

### तालिका नं. २४

### उत्तरदाताको अनाज कुटानी पिसानी सम्वन्धि वगिकरण

| विवरण | कुल परिवार संख्या |
|---|---|
| ढिकी जातो | ४ |
| मिल | ३६ |
| जम्मा | ४० |

श्रोत स्थलगत सर्वेक्षण, २०६७

माथीको तालिका अनुसार ४० घर उत्तरदाता मध्ये अनाज मिलमा कुटाएर खाने ३६ घर र ढिकी जाँतोको प्रयोग गर्ने ४ घर रहेको पाईयो । यसबाट के स्पष्ट हुन्छ भने यस गा.वि.स का अधिकांश मानिसहरु आधुनिक तरिकाबाट अनाज कुटानी पिसानी गर्दा रहेछन ।

### ५.१.६ ऋण

कुनै पनि मानिसले आफ्नो अनुसार विभिन्न कारणको लागि खर्च गर्दछ । त्यही खर्च अनुसार उसलाई ऋण पनि लाग्ने गरेको पाईन्छ । मुसहरहरुको अधिकांशको आम्दानी नभएता पनि खर्च वढी भएका कारण ऋण लाग्ने गरेको पाइन्छ । पहिले पहिले मुसहरहरु ऋण लिन डराउँथे तैपनि कहिलेकाही नलिई नुहने स्थिति आउथ्यो । पहिले खान नपुगेर दैनिक आवश्यकता परिपूर्तिका लागि ऋण लिन्थे भने अहिले आएर आफुलाई आवश्यक परेको खण्डमा मात्र ऋण लिन थालेका छन् जस्तै छोरालाई विदेश पठाउँनु पर्दा सुत्केरी पर्दा, विमारी पर्दा, आफ्नो खर्च भएन भने ऋण लिन थालेका छन् । यसरी आवश्यक पर्दा ऋण कहाँवाट लिन्छन भन्ने कुरा निम्न तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका नं. २५**

**उत्तरदाताको ऋण सम्वन्धि वर्गीकरण**

| विवरण | पहिले | अहिले |
|---|---|---|
| साहु | १५ | ८ |
| समुह | | १० |
| वैंक | २ | ७ |
| ऋण नलिने | २३ | १५ |
| जम्मा | ४० | ४० |

श्रोत : स्थ्लगत सर्वेक्षण २०६७

यस माथिको तालिकाले के देखाउछ भने यस भादगाउँ सिनुवारी का मुसहरहरुमा पनि आधुनिकिकरण प्रंभाव, चेतनाको विकासले गर्दा यीनिहरुले ऋण लिनेमा पनि केही परिवर्तन आएको पाईयो । जहाँ पहिला साहुसँग ऋण लीने घर १५ रहेको पाइयो भने अहिले आएर साहुसँग ऋण लिने घर घटेर ८ रहेको पाइयो । त्यस्तै पहिले समुहसँग ऋण लिने मुसहरहरु थिएनन भने अहिले समुहसँग ऋण लिने मुसहर को घर १० रहेको पाइयो भने पहिले बैंकसँग ऋण लिने मुसहर को घर २ रहेको पाइयो भने अहिले वैंकबाट ऋण लिने मुसहर को घर ७ रहेको छ ।, यस्तै गरि पहिले ऋण नलिने मुसहर घर २३ रहेको पाइयो भने हाल आएर ऋण नलिने मुसहर घर १५ रहेको पाइयो ।

यसबाट के स्पष्ट हुन्छ भने भादगाउँ सिनुवारी गा.वि.स का मुसहर हरु पहिले ऋण त्यति लिदैनथे अर्थात ऋण लिन डराउथे । ऋण लिने सम्दर्भमा उनीहरु खान त धौ धौ छ ऋण के ले तिर्नु भन्दथे तर हाल आएर मुसहर हरु विभिन्न पेशामा संलग्न भएको कारण आफ्नो आर्थिक स्थिति माथी उठाउन बैंक तथा कृषि विकास बैंकसँग ऋण लिएर गाईवस्तु पालन, व्यापार गर्न पनि ऋण लिएको पाईन्छ । यसरी ऋण लिँदा पनि साहुको चर्को ब्याज भएको कारणले गर्दा हाल आएर मुसहरहरु समुह अथवा वैक बाट ऋण लिने गरेको पाईयो ।

### ५.१.७ पशुपालन

परम्परागत रुपमा कृषि पेशा अपनाउदै आएको पाईएता पनि पशुपालन आजकाल मुसहरहरुले धेरै मात्रामा गरेको पाईन्छ । आजका प्राय जसो मुसहरहरुका घरमा पशु पालन गरेको पाईन्छ । मुसहर जातिको आर्थिक मेरुदण्डको रुपमा पनि पशुपालनले महत्वपूर्ण स्थान ओगटेको छ । यी पशुपंक्षी दुध, मासु, खनजोत तथा मल उत्पादन गर्नका साथै मुसहर परिवार संयुक्त परिवारमा रहने भएको कारणले गर्दा खर्च टार्नका लागि पनि पशुपालन गरेको पाईन्छ । परिवारको सदस्य धेरै भएको कारणले पनि पशुपालन गर्ने गरेको पाईन्छ । आम्दानीको प्रमुख श्रोत नै अनाज र पशु भएको कारणले मुसहरहरु जग्गा अधिया लिएर कृषि कार्य गर्ने र आवश्यक मल खाद पशुबाट प्राप्त हुने भएको कारण मुसहरहरुले पशुपालनलाई महत्व दिन थालेका छन । उनीहरुले पालेका पशुपंक्षिहरु केहिले वाहेक विकि वितरण गरेर आम्दानीको लागि पालेको कुरा वताउँछन । पहिले पशुपंक्षि नपाली कृषि र जनमजदुरीमा जीवन धान्ने मुसहर जाति अहिले आएर आम्दानीको लागि आफ्नो घरको प्रयोजनका लागि पालेको पाइन्छ । अध्ययन गरिएका ५० घरधुरी मध्ये मुसहर परिवारले पालेका पशुपन्छीहरुको संख्यालाई निम्न तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं २६**

**उत्तरदाताहरको पशुपंक्षि सम्वन्धि वर्गीकरण**

| **विवरण** | | **विवरण** | |
|---|---|---|---|
| **पहिले** | | **अहिले** | |
| गाईभैसी | | गाईभैसी | ८ |
| खसी, बाख्रा | ३ | खसी, बाख्रा | १० |
| सुगुर, वंगुर | ७ | सुगुर, वंगुर | ५ |
| कुखुरा, हाँस, परेवा | ८ | कुखुरा, हाँस, परेवा | १७ |
| गोरु | २ | गोरु | ३ |
| केही नपाल्ने | २० | केही नपाल्ने | २ |
| जम्मा | ४० | जम्मा | ४० |

श्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने अहिले भन्दा पहिले मुसहरहरु गाई भैसी पाल्दैनथे भनेअहिले आएर गाईभैसी पाल्ने मुसहर घर ८ रहेको पाईयो । त्यस्तै पहिले खसी, बाखा, पाल्ने मुसहर घर ३ रहेको पाइयो भने अहिले आएर खसी बाखा पाल्ने घर १० रहेको पाइयो। पहिले सुगुर, वंगुर पालने घर ७ रहेको पाइयो भने अहिले ५ घर रहेको पाइयो । त्यस्तै पहिले कुखुरा हाँस, परेवा पाल्ने घर संख्या ८ रहेको पाइयो भने अहिले आएर कुखुरा हाँस परेवा पाल्ने घर सख्या ८ रहेको पाइयो भने अहिले आएर कुखुरा हाँस परेवा पाल्ने घर १७ रहेको पाइयो । त्यस्तै पहिले गोरु पाल्ने २ घर रहेको पाइयो भने हाल आएर गोरु पाल्ने घर ३ रहेको पाइयो । पहिले केही नपाल्ने २० घर छन् भने हाल आएर केही नपाल्ने २ घर रहेका छन् ।

यसवाट के स्पष्ट हुन्छ भन्दा पहिलेको भन्दा अहिले आएर मुसहर जातिमा पशुपंक्षी पाल्नेको संख्या बढी रहेको पाइन्छ । जसले गर्दा उनीहरुको आर्थिक अवस्था वलियो हुन सहयोग गरेको छ । पहिले पशुपंक्षी जोताइका हिसावले मलको लागि, घरायसी प्रयोजनका लागि साथै कुखुरा, बोका मासु तथा देवी देवताका लागि वलि चढाउन प्रयोगमा ल्याउथे । भने पशुपालन गर्दा पनि वथानमा पाल्ने गरेको पाईयो भने हाल आएर पशुपंक्षि घरायसी प्रंयोजनका लागि मात्र नभएर व्यापार व्यवसायको हिसावले पाल्ने गरेको पाईन्छ । अहिले आएर गाइभैसी पालेर दुध, दहि, घ्यू वेचेर आम्दानी लिने गरेको पाईयो । साथै हाँस, कुखुरा, परेवा पनि मासु खानको साथै वजारमा लगेर वेच्ने उद्देश्यले पाल्ने गरेको पाईयो । यसरी वजारमा लगेर वेचेपछि आएको पैसाले उनीहरुले आफुलाई आवश्यक पर्ने, खाद्यान्न, ऋण तिर्न, चाडवाड मान्नुकमा साथै घरायसी काममा खर्च गरेको पाइयो ।

### ५.१.८ आम्दानी र खर्च

मानिसले आफ्नो जीवनयापन कसरी गरिरहेको छ भन्ने कुरा उसको पेशा र पेशावाट कमाउने आम्दानीवाट थाहा पाउन सकिन्छ । व्यक्तिले जति आम्दानी गर्छ त्यस अनुसारको उसको खर्च पनि हुने गर्दछ । जसमा खाद्यान्न शिक्षा, स्वास्थ्य, चाडपर्व,लताकपडा, विवाह आदिमा खर्च हुने गर्दछ ।

अध्ययन घरधुरीको वार्षिक आम्दानी र खर्च विवरणलाई पनि तलको तालिकावाट बुझ्न सकिन्छ ।

**तालिका नं. २७**

**उत्तरदाताको बार्षिक आम्दानी र खर्चको वर्गीकरण**

| विवरण | आम्दानी | खर्च |
|---|---|---|
| | घरसंख्या | घरसंख्या |
| ०-१०,०००/- | ३ | ५ |
| १०,०००/-२०,०००/- | १० | २० |
| २०,०००-५०,०००/- | १५ | १० |
| ५०,०००-७०,०००/- | ९ | ३ |
| ७०,००० भन्दा माथि | ३ | २ |
| जम्मा | ४० | ४० |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकालाई अध्ययन गर्दा के थाहा पाउन सकिन्छ भने अध्ययन गरिएका उत्तरदाताहरूको संख्या ४० मध्ये सवभन्दा कम ०-१०,००० सम्मको आम्दानी गर्नेको संख्या ३ रहेको छ भने आम्दानी सँगै खर्च गर्नेको संख्या ५ रहेको छ। त्यस्तै १०,०००/-२०,००० सम्म वार्षिक आम्दानी हुनेको संख्या २० रहेको छ । त्यस्तै गरी २०,००० देखि ५०,००० सम्म वार्षिक आम्दानी गर्नको संख्या १५ रहेकोछ भने खर्च गर्नेमा १० रहेको छ । भने ५०,०००-७०,००० सम्म वार्षिक आम्दानी गर्नेको संख्या ९ रहेको छ ।भने खर्च गर्नेको संख्या ३ रहेको पाइन्छ । त्यस्तै ७०,००० भन्दा माथि वार्षिक आम्दानी हुनेको संख्या ३ रहेको छ  भने खर्च गर्नेको संख्या २ रहेको पाइन्छ ।

यो आम्दानीसँग खर्चको अनुपात पनि पढ्दो देखिन्छ । मुसहरहरूले विभिन्न पेशा, पशुपंक्षि, ज्यालादारी, नोकरी आदीवाट गरेको आम्दानीको विवरण हो । जसको पछाडी आम्दानीको स्रोतका साथै नयाँ नयाँ फेसनको प्रभाव, देखासिकीले खर्चमा पनि वृद्धि वढ्दो

देखिन्छ । पहिले ज्यालामजदुरी र कृषिपेशा अंगालेका मुसहरहरू हाल विभिन्न पेशा अंगाल्न थालेपछि आम्दानीमा वृद्धि भएको छ । फलस्वरूप वजार गएर किन्ने गरेकाले खर्चमा पनि वृद्धि भएको छ ।

### ५.१.८ भौतिक सम्पत्ति

मानविय आवश्यकता परिपूर्तिको लागि चाहिने माटो, काठ, फलाम, इत्यादि मानवद्धारा निर्मित समाजमा प्रयोग हुने धातुलाई भौतिक सम्पति भनिन्छ । जस्तै घर, औजार मेशीनरी सामान इत्यादि । मुसहरहरूले आफुलाई आवश्यक पर्ने विभिन्न सामग्रीको प्रयोग गरेको पाइन्छ । जस्तो :

| | | | |
|---|---|---|---|
| १. | माटो हण्डी | - | माटोद्धारा वनेको भात पकाउने भाँडो । |
| २. | मटकुना | - | माटोले वनेको भात राख्ने भाँडो |
| ३. | लोटानी | - | सानो आकारको लोटा |
| ४. | मटघैया | - | माटोले घैला जुन पानी वोक्न प्रयोग गरिन्छ । |
| ५. | लोहीया | - | तरकारी पकाउन वा अन्य कुनै पनि वस्तु पकाउन प्रयोग गरिने फलाम वा किटको कन्ति |
| ६. | कोठी | - | अन्न राख्ने एक किसिमको माटोले बनाएको भाँडो |
| ७. | जाल, वल्छी, खोकी, लठी, चाचरी | - | माछा मार्ने औजार वा सामानहरू |
| ८. | हुक्का, चिलिम | - | तमाखु, गाँजा खादा प्रयोग गर्ने सामग्री |
| ९. | हलो, जुवा, फरूवा, कोदालो | - | कृषि औजारहरू जो कृषि कार्यको लागि प्रयोग गरिन्छ । |
| १० | डोको, ढकिया, ठेली, डालो | - | सामान वोक्न प्रयोग गर्ने |

यी माथिका सामग्री जो मुसहर जातीले आफै पनि घरमा वनाउदछन र प्रयोग पनि गर्दछन । तर आजभोली आधुनिक सामानको प्रयोगले यस्ता परम्परागत सामान लोप हुने अवस्थामा पुगेको छ भने समयसँग को परिवर्तन सँगै यस मुसहर जातिमा पनि आधुनिक सामानको प्रयोग वढ्दो छ । यीनीहरूलाई पनि त्यसले लोभ्याएको छ । जस बाट

मुसहर जाति पनि अछुतो भने रहन सकेको छैन । उत्तरदाताको भौतिक सामग्रीलाई तलको तालिकामा देखाएको छ ।

**तालिका नं. २८**

**उत्तरदाताको घरमा भएका भौतिक सम्पति सम्वन्धि वर्गीकरण**

| विवरण | कुलपरिवार संख्या | | जम्मा |
|---|---|---|---|
| | भएका | नभएका | |
| रेडियो/क्यासेट | ३५ | ५ | ४० |
| टेलिभिजन | ३० | १० | ४० |
| साईकल /रिक्सा | १५ | २५ | ४० |
| मोवाईल | २० | २० | ४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार ४० घर उत्तरदाता परिवार मध्ये रेडियो/क्यासेट भएको ३५ घर र नभएका ५ घर रहेको पाईयो । त्यस्तै टेलिभिजन ३० घरमा र नभएको १० घर पाईयो भने साईकल रिक्सा १५ घरमा पाईयो भने २५ घरमा नभएको पाइयो । त्यस्तै मोवाइल २० घरमा भएको पाईयो भने २० घरमा पाइएन । यसबाट के थाहा पाउन सकिन्छ भे आधुनिकीकरण सँग सगै यस मुसहर जातिमा पहिलेको भन्दा अहिले भौतिक सुविधाको उपयोग गर्ने धेरै देखियो । समय सँगै यिनिहरूको दिनचर्या र रहनसहनमा समेत परिवर्तन आएको पाईयो ।

# अध्याय -छ

# मुसहरहरूको जीवननिर्वाहको अवस्थामा परिवर्तन ल्याउने तत्वहरू

मुसहरहरूको जीवननिर्वाह को अवस्थामा पहिलेको भन्दा हाल आएर परिवर्तनका लहरहरू देखिन थालेका छन । उनीहरूको परम्परागत जीवन निर्वाह गर्ने पद्धतिमा परिवर्तन ल्याउनुको पछाडि झुम्का वजार (भादगाउँ सिनुवारी) वरपरका गाउँहरूमा भएको वजार विस्तार तथा सडक निर्माण, संचार, ज्याला /मजदुरी गर्ने अवसर, शिक्षाको विकास, बसाइसराई, जनचेतना, विभिन्न विकास निर्माणका कार्यक्रमहरूको महत्वपूर्ण भुमिका रहेको छ । जस अन्तर्गत यस अध्यायमा अध्ययन क्षेत्रका मुसहरूहरूको जीवननिर्वाहको अवस्थामा परिवर्तन ल्याउने तत्वहरूलाई व्याख्या र विश्लेषण गरिएको छ ।

## ६.१ सडक तथा बजार विस्तार

यस भादगाउँ सिनुवारी गा.वि.स मा विगत मा भन्दा हाल आएर साना तिना सडक निर्माण तथा बजार विस्तारले गर्दा मुसहरहरूको हाल ज्याला मजदुरी गर्ने तथा साना तिना व्यापार गर्ने काम गर्ने थालेको छन् । पहिले जति उत्पादन गऱ्यो त्यो सवै उपभोग गर्नु पर्ने कारणले खासै उनीहरूमा प्रगती भएको पाईदैन तर हाल आएर झुम्का बजार व्यापारको केन्द्रविन्दु भएको कारणले यिनीहरूले व्यापार गर्ने अवसर पाएका छन । साथै हाल आएर घरमा पालेका खसी, कुखुरा, गाई, भैसी पनि घरघरमा आएर व्यापारीले किन्ने हुदा पनि वजारसम्म पुऱ्याउनै नपर्ने वताउँदछन। बजार तथा सडक निर्माणले गर्दा मुसहरजातिको जीवन निर्वाहमा परिवर्तन आएको छ । छाक छाकै अन्न किनेर पेट भर्ने यी मुसहर जाति अहिले सडक विस्तारको कारण आफ्नो नजिकैको बजारमा लगेर वेचविखन गरी (लुगा, कपडा, अन्न, रेडियो) आदि किन्ने गरेको छन । हाल आएर कृषि पेशालाई मात्र नअंगालेर अहिले ज्याला मजदुरी नोकरी गरेर जीवन निर्वाह गर्ने अवसर प्राप्त भएको छ । जसले गर्दा उनीहरूमा परिवर्तन देखिन थालेको छ ।

पहिले पहिले छाक छाक मात्रै खाने भविष्य प्रंतिको सोच नभएको कारणले गर्दा उनीइहरुलाई वचन गर्नु पर्छ भन्ने चेतना थिएन तर हाल आएर यिनीहरुमा यसरी जिन्दगी अगाडि वढ्दैन छाकै खाएर हुदैन पछिको लागि सोच्नु पर्ने रहेछ भन्ने चेतनाले गर्दा हाल आएर मुसहरहरु कृषि मा मात्र आश्रित नभएर नजिकैको इटहरी, दुहवी, विराटनगरतीर गएर कलकारखानामा काम गर्न थालेका छन । पैसामुखी व्यवहार देखिन थालेको छ । पहिले उनीहरुलाई व्यवसाय, व्यापारमा खासै चासो थिएन खाली आफ्नो घरायसी प्रयोजनका लागि गाई वस्तु पाल्दथे तर अहिले यीनीहरुमा गाई भैसी पाली दुध, दही वेच्ने हिसावले गाई वस्तु पाल्ने गरेको पाइन थालेको छ । आफ्नो उत्पादन वजारमा लगेर वेची दशै तिहार तथा चाडपर्वमा राम्ररी मनाउन थालेको पाइन्छ । साथै देखासिकीले पनि यस मुसहरहरुमा परिवर्तन भने अवश्य आएको छ ।

## ६.२ बसाई सराई

यस भादगाउँ सिनुवारी गा.वि.स.मा सडक तथा वजार विस्तारका कारण यहाँ बसाइ सराई गर्नेको संख्यामा पनि निकै बृद्धि हुन थालेको छ । पहिलेको भन्दा हाल बसाई सर्नेको संख्या वढी रहेको छ । जहाँ मुसहर जाति पनि यसबाट अछुतो भने छैनन त्यसैले यीनीहरूमा पनि बसाई सरेको पाईन्छ । भादगाउँ सिनुवारी गा.वि.स. बजारको राम्रो व्यवस्था भएको साथै सुनसरी जिल्लामा विभिन्न कलकाखाना, उद्योग भएकाले यहाँ मुसहर जातिको बसोबास पनि वढी हुन थालेको देखिन्छ । कृषि भुमिबाट भएको उव्जनीले दुई छाक खान धौ धौ पर्ने भएका कारण यीनीहरू अहिले विभिन्न कलकारखानामा काम गर्ने, भट्टामा काम गर्ने का साथै रिक्सा चलाउने आदि काम गरेर जीवन निर्वाह गर्ने गर्दछन । जसले गर्दा यिनीहरुमा परिवर्तन ल्याउने तत्वमा बसाई सराई एउटा महत्वपूर्ण हो । जसले मुसहरहरू शिक्षा, स्वास्थ्य, खानपान, लवाईखुवाई आदिमा पनि परिवर्तन ल्याएको छ जसले गर्दा यिनीहरूको जीवन निर्वाहमा परिवर्तन आएको छ ।

साथै मुसहरहरु आफ्नो गाउँ छाडी शहर वजारतिर सामान्य अवस्थामा वसाई सरेको पाईन्न । तर रोजगारीका लागि पढेलेखेका युवाहरु काठमाडौं विराटनगर, भद्रपुर

आदि ठाउँहरुमा पुगेका छन । यसरी मजदुर गर्न युवा युवतीहरु काठमाडौमा गलैचा फ्याक्ट्रीमा काम गर्दछन भने कोही विराटनगर तर्फ फ्याक्ट्रिमा काम गर्ने गरेका छन यसरी कतिपय मुसहर परिवार वसाई सराई गरेका छन भने कति त्यही ठाउँमा वस्न पनि वाध्य भएका छन । आर्थिक अवस्थाको कारणले गर्दा वसाई सारइ गरेर होटल, व्यवसायमा काम गर्ने गरेका छन भने अन्य ठाउँबाट वसाइसरेर आउने मुसहरहरुको पनि कमि छैन ।

## ६.३ नोकरी

चेतनाको अभाव, आर्थिक अभाव, पछौटेपन आदीको कारण सरकारी तथा निजी सेवाबाट वञ्चित रहेका मुसहरहरुमा हाल आएर फाटफुट रुपमा नोकरी तीर संलग्न हुदै आएका छन । हाल यिनीहरु परम्परागत पेशा भन्दा पनि वजारतिर आकर्षक वढेको छ । जसको कारण अन्य जातजातिहरुको संसर्गमा आएपछि, देखेको सिकेको कुराबाट हाल यिनिहरु विभिन्न सरकारी तथा निजी कार्यालयमा पियन भएका छन ।

हाल यिनीहरू बजार विस्तारको कारण मानिसहरू सँगको सम्पर्कले गर्दा मुसहरहरूमा हाल विभिन्न परिवर्तनहरू आएका छन । जहाँ देखासिखिले विभिन्न उद्योग धन्दा, कलकारखानामा काम गर्ने, विभिन्न कार्यालयमा पियन वस्ने आदि कार्य गर्दै आइरहेका छन । साथै मुसहर जाति पहिले विदेश भनेर भारत सम्म जाने गरेकोमा अहिले आएर राजगारको लागि खाडी मुलुक (कतार, मलेसिया) जाने मुसहरहरूको सख्या पनि भेटियो । जहाँ विदेश गएका ५ घरधुरी मुसहर जाती रहेको पाईयो । मुसहर जातका पनि नयाँ पुस्ता नोकरी तथा जागिर तर्फ वढी उत्सुक हुदै आएको देखियो जसको कारणबाट मुसहर हरूको परम्परागत जीवननिर्वाह गर्ने तरिकामा परिवर्तन आएको छ भने जीवनस्तरमा पनि केही सुधार आएको छ । यसरी मुसहरहरुमा जागिर तथा नोकरीका कारण आम्दानी गर्न र जीवनयापन गर्न सजिलो भएको छ ।

## ६.४ आधुनिकिकरण

आधुनिकिकरण समाजमा नयाँ र विकसित मुल्य, मान्यताका स्थापना र वैज्ञानिक समाजको निर्माण हो । मुसहरहरुको पछिल्लो स्थिति भन्दा अहिले आएर आधुनिकिकरणको कारणले यिनिहरुको लवाई, खुवाई, संस्कार धर्म आदिमा पनि परिवर्तन हुने क्रम वढ्दो छ । मुसहरहरको परम्परागत पेशा माछा मार्ने, हली वस्ने कृषि कार्य आदिमा परिवर्तन आएर रिक्सा चलाउने, विदेश जाने, भट्टामा काम गर्ने जस्ता कार्य गर्न थालेका छन । भने कृषिमा पनि आधुनिक तरिकाबाट खेती गर्न, रसायनिक मल विउ हालेर खेति गर्न थालेका छन । भने गाई भैसी बाखहरु घरमा पालेर त्यसलाइ वेची पैसा कमाउन थालेका छन । परम्परागत रुपमा चलिआएको पेशालाई नयाँ पिडिले आत्मसाथ गरेको पाईदैन । नयाँ पिडी खास गरी काठमाडौ र भारतका शहरहरुमा सरल जिविकोपार्जनका लागि रोजगारीमा संलग्न देखिन्छन । यसरी गाउँ छाडी शहरतिर लाग्ने क्रममा युवा युवति दुवै देखिन्छन । आधुनिकीकरणले संचारका साधनका साथ साथै यिनिहरुको पहिरनमा समेत परिवर्तन आएको छ । आधुनिकिकरणले मोवाईल, टि.भी., रेडियो, डेक, प्राय सवैको जनाको घरमा प्रयोगमा आएको पाईन्छ । साधन र सुविधाको कुरामा साईकल, मोटरसाईकल लिएको छ । विजुली पानी आधुनिक औजारहरु, काँटा चम्चा आदि पनि प्रयोगमा ल्याउन थालेका छन । आधुनिकीकरणले गर्दा यिनिहरुको खानपान, पेशामा परिवर्तन ल्याएको छ । जसले गर्दा यीनीहरु एउटै पेशामा नलागी विभिन्न पेशा अपनाउन थालेका छन साथै एक मात्र वाली नलाई अहिले खेती पनि दुई वाली सम्म लाउने गर्दछन भने तरकारीहरु पनि सिजन अनुसार लगाएर नजिकैको झुम्का बजारमा वेचविखन गर्ने गरेका छन । जसले गर्दा यिनिहरुको जीवनयापनमा पनि आधुनिकिकरणले निकै प्रभाव पारेको छ ।

## ६.५ ज्याला/मजदुरी

पूर्वाञ्चलका तराई जिल्लाहरूमा जनमजदुर भनेकै वास्तवमा मुसहर जाति हुन् । जो रूपैया पैसाको अभाव नीजि जमिन, शिक्षाको कमी आदि कारणले गर्दा अधिकाशं

मुसहर जाति ज्याला मजदुरी गर्ने वाध्य छन् । पहिले मुसहरहरू घरपरिरवार धान्नको लागि मात्र ज्याला मजदुरी गर्दथे यात गाउँघर वरपर मौसमी मजदुरी गर्ने गर्दथे  अर्थात पर्मको रूपमा काम गरेर जीवन निर्वाह गरेको पाइन्थ्यो । आजकाल पनि अध्ययन क्षेत्रका मुसहरहरूमा मजदुरी यथावत नै छ । तर त्यसको स्वरूपमा भने केही फरकपन आएको छ । हाल केही टाडावाट मुसहरहरू नगदमा ज्याला गर्न थालेका छन् । अहिले पनि अन्नमा ज्याला गर्ने मुसहरहरु नभएका भने होइनन तर पनि नगदमा ज्याला गर्नेको संख्या भने बढ्दो रहेको छ । भादगाउँ सिनुवारी गा.वि.स.मा रिक्सा चलाउने , ठेला चलाउने, ठूला पसलमा भारी बोक्ने काम गरी दैनिक २००-३०० सम्म आम्दानी गर्ने गर्दछन् भने महिलाहरू घरधन्दामा व्यस्त भएका कारण उनीहरू पूणतः पुरूषमा आश्रित हुने गरेको पाइन्छ । तर हाल केही महिलाहरू पनि केही पारिश्रमिक गरेर पुरूषहरूलाई सघाउँन थालेको पाइन्छ। दैनिक ज्यालामजदुरी विवरणलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. २९**

**दैनिक ज्याला विवरण**

| दैनिक ज्याला | पहिले | प्रतिव्यक्ति प्रतिदिन पारिश्रमिक : अहिले |
|---|---|---|
| पुरूष | ७०-८० | २००-५०० |
| महिला | ४०-५० | १५०-३०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

आजभन्दा १० वर्ष अगाडीको  स्थितिलाई हेर्न हो भने मुसहरहरूको दैनिक पारिश्रमिक ज्याला ७०-८० रूपैया हुन्थ्यो भने महिलाको ४०-५० रूपैया हुने गर्दथ्यो सीमित पारीश्रमिकमा काम गर्ने हुँदा खानलाउन धौं धौं हुन्थ्यो भने हाल आएर यीनीहरूको पारीश्रमीकमा पनी परिवर्तन आएर पुरूषको ज्याला २०० देखि माथि छ भने महिलाको १५० देखि माथि रहेको पाइन्छ । बढ्दो बजार विस्तारले गर्दा हाल आएर मुसहरहरुको जीवन निर्वाहमा केही सजिलो भएको महशुस गर्न थालेको बताउँछन् ।

जसले गर्दा मजदुरी तथा ज्यालावाट नै आफ्नो जीवन गुजारा गर्न सजिलो भएका कारण हाल मुसहरहरू यो पेशा अपनाउन थालेको पाइन्छ ।

## ६.६ शिक्षा

शिक्षा एक महत्वपूर्ण कुरा हो । जसले मुसहरहरूको जीवननिर्वाहमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निभाएको छ । अध्ययनका क्रममा मुसहरहरूमा हाल पनि शिक्षा प्रति निकै कम चेतना रहेको पाइन्छ । पहिलेको अवस्थालाई हेर्दा हालको अवस्थामा शिक्षाप्रति सकारात्मक सोच रहेको छ । पहिले पहिले बच्चालाई स्कुल नपठाउने अर्काको घरमा नोकर बस्न पठाउँथे भने हाल आएर स्कुल पठाउनुपर्छ, पढाउनु पर्छ भन्ने धारणाको विकास भएको छ । मुसहरमा पनि आफ्नो वरपर रहेका बाहुन, क्षेत्री,का छोराछोरी पढेर प्रगति गरेको देखेर छोराछोरीलाई पढाउँनु पर्दोरहेछ भन्ने ज्ञान यिनीहरूमा पनि आएको छ । जसले गर्दा मुसहरहरू छोरा छोरीलाई स्कुल पढाउन थालेको वताइन्छ । मुसहरहरूलाई विदेश जान पनि पढ्नु नै पर्दोरहेछ अनि राम्रो काम पाइने रहेछ भन्ने मानसिकताको पनि विकास भएर हाल आफ्नो छोराछोरीलाई पनि शिक्षा दिन थालेको पाइन्छ । यसरी हाल आएर मुसहरहरू ढिला नै भए पनि शिक्षालाई बुझ्रेर शिक्षातर्फ उनीहरूको झुकाव वढ्दै छ । जसले गर्दा उनीहरूको जीवननिर्वाहमा विस्तारै परिवर्तन ल्याउने यो पनि एउटा कारक तत्व हो ।

## ६.७ देखासिकि

मुसहर जातिमा परिवर्तन ल्याउने विभिन्न तत्व मध्ये देखासिखि पनि एक महत्वपूर्ण तत्व रहेको छ । हाल आएर मुसहरहरु अरुको देखासिकी गरी आफ्ना परम्परागत सामान, औजारहरु प्रयोग नगरी बजारमा पाइने महंगा सामानहरुको प्रयोग गरेको पाइन्छ। यसरी आधुनिक सामानले यिनीहरुको खर्चमा वृद्धि हुन गएको देखिन्छ । त्यसैगरी खानपिनमा पनि अरुले खाएको देखेर आफूले पनि खरीद गरेर ल्याए खाने प्रवृत्ति

बढ्दो छ । पहिले आफ्ना वारी तथा घरका छेउछाउमा भएका तरकारी भए खाने नभए नखाने मुसहरहरु आजभोली बजारवाट तरकारी खरीद गरी ल्याउँछन् । विभिन्न जातजातिसँगको सम्पर्कले गर्दा यिनीहरुको खानपान, पेशा, भेषभुषा आदिमा पनि परिवर्तन आएको छ । ब्राम्हण, क्षेत्री र अन्य जातजातिको सम्पर्कले गर्दा छोराछोरीलाई पढाउनु पर्छ, अन्य पेशामा लाग्न सक्छन् भन्ने चेतनाको विकास पनि मुसहरहरुमा आउन थालेको छ । जुन देखासिकि कारण रहेको छ ।

## ६.८ मुसहर लक्षित विकास कार्यक्रमहरु

कोही कोही मुसहरहरु आफ्नोपरम्परागत पेशालाई पूर्णतया त्यागेर नयाँ तथा वैकल्पिक पेशा अंगालेका छन् भने कसैले आफ्नो परम्परागत पेशालाई व्यवसायिक रुप दिएर अगाडि बढाएका छन् । यसरी उनीहरुको परम्परागत कार्यशैलीलाई परिवर्तन गर्ने मुख्य कारणको रुपमा अध्ययन क्षेत्रमा संचालित विभिन्न विकास कार्यक्रमहरु हुन् । जहाँ नेपाल सरकार तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय, गैरसरकारी संस्थाहरु (NGOs/ INGOs) हरुको भूमिका महत्वपूर्ण रहि आएको छ । जसले मुसहरहरुको परम्परागत जीवनयापनमा केही परिवर्तन ल्याएको छ । जहाँ UNDP ले गरिवी निवारणको लागि विभिन्न तालिम तथा सिपमुलक तालिम दिइरहेको छ भने Plan Nepal ले शिक्षा, स्वास्थ्य, वालवालिका जस्ता क्षेत्रहरुमा काम गर्दै आइरहेको छ त्यस्तै अन्य संस्थाहरुले विभिन्न पशुसम्वन्धी कार्यक्रम पनि संचालन गरेका छन् । साथै महिला विकास कार्यक्रम अन्तर्गत विभिन्न शिपमुलक कार्यक्रमको आयोजना पनि गरेको पाइयो । नेपाल सरकारले पनि विभिन्न कार्यक्रम संचालन गरिएवाट पनि यिनिहरुको सामाजिक तथा आर्थिक जीवनमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ ।

युवाहरु हाल व्यवसायिक रुपमा पशुपालन तथा तरकारी खेती गर्न थालेका छन् । जसले गर्दा परम्परागत जीवनयापन गर्ने तौरतरिकामा परिवर्तन ल्याएरहेका छन् कोही मुसहरहरु यी विभिन्न संघसंस्थावाट तालिम लिएर गुन्द्रीबुन्नु, डालोबुन्नु, डोको, पंखा निर्माण गर्ने सिपलाई व्यवसायिक बनाउने तर्फ लागेका छन् । जसवाट राम्रै आम्दानी

हासिल गरिरहेका छन् । यसरी मुसहर जातिमा यीनीहरुप्रतिको लक्षित कार्यक्रमले पनि परिवर्तन ल्याएको छ ।

## ६.८ विदेश जाने

पहिले अशिक्षा, गरिवी, पछौटेपन, चेतनाको कमिले उनीहरुको जीवन निवार्ह पनि साह्रै कष्टकर थियो । मुसहर जातिमा पैसाको अभावका कारण यिनीहरु बाहिर भनेको पनि भारतसम्म पुगेको पाइयो भने अहिले आएर खाडीमुलुक जाने मुसहर जाति थुप्रै देखिन थालेका छन् । कोही ओभान, मलेसिया, कतार आदि देश गएको पाइयो । आफ्नो आर्थिक स्थिति कमजोर भएको कारणले अर्काको देशमा गएर काम गर्न बाध्य भएका छन् ।

यसरी मुसहर जातिमा विदेश जाने आउनेवाट पनि यिनिहरुको जीवननिर्वाहमा परिवर्तन भने देख्न थालिएको छ । विभिन्न देश विदेश घुमेर त्यहाँको वातावरणमा आफुलाई घुलमिल गराउदा केही परिवर्तन भने अवश्य नै देखिन्छ । यसैले गर्दा मुसहरहरुमा परिवर्तन ल्याउने यो एउटा तत्व हो । मुसहरहरुमा पहिलेको जस्तो अन्धविश्वास हट्दै गएको कारण परिवर्तन आएको देखिन्छ ।

## अध्ययन- सात

## शारांश, निष्कृष र सुझावहरू

### ७.१ सारांश

पूर्वाञ्चलको तराई प्रदेशको झापा, मोरङ्ग, सुनसरी, सिराहा, सप्तरी उदयपुर, लगायत मध्यमाञ्चलको धनुषा, महोत्तरी, सर्लाही र पर्सा सम्म फैलिएर बसोवास गरेको जाति मुसहर जाति हो । यो जाति नेपालको पिछडिएको, अल्पसंख्यक र दलित जातिको रूपमा रहेको छ । जुन सुद्र जातिको रूपमा परिचित छ जसले छोएको पानी चल्दैन । यो अध्ययन यही जातिमा केन्द्रित छ ।

यस अध्ययनको क्षेत्र कोशी अञ्चल सुनसरी जिल्लाको भादगाउँ सिनुवारी गा.वि.स.का मुसहर जातिलाई मानिएको छ । यस जातिको आफ्नै किसिमको सामाजिक, सांस्कृतिक, आर्थिक विशेषताहरू, आफ्नै किसिमको जीवन पद्धतिहरू रहेको छ । जसको वारेमा आफुले पाए सम्मको श्रोत जुटाएर यसकोअध्ययन नगरी रहन सकिन । जसले गर्दा मैले यस समुदायको 'मुसहर जातिको जीवन निर्वाहको अवस्थामा आएको परिवर्तन' नामक शोधकार्यमा अनुसन्धान गर्ने जर्मको गरेको छु । जस अन्तर्गत मुसहर जातिको जीवननिर्वाहका लागि गरिने कामहरूका साथै सामाजिक परिस्थितिलाई पनि प्रस्तुत गर्ने प्रयास गरेको छु । जसले गर्दा भादगाउँ सिनुवारी गा.वि.स.का मुसहर जातिको अध्ययनले तमाम मुसहर जातिको प्रतिनिधित्व गर्ने विश्वास लिएको छु ।

यस अध्ययनमा भादगाउँ सिनुवारी गा.वि.स. मा रहेका वडा नं. २,३,४,५,९ गरी ४० घरधुरी परिवारलाई नमुना छनौट अन्तर्गत लिइएको जसमा २४२ जना महिला र पुरूष गरेर लिइएका छन । जहाँ यिनीहरूको जीवन निर्वाहको अवस्थामा आएको परिवर्तनले कस्ता परिवर्तन ल्याएको छ त्यसलाई खोतल्ने प्रयास गरेको छ ।

यस अध्ययन खासगरी वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ जहाँ प्राथमिक तथ्याङ्क (Primary Data) को सहयोग बाट सुचना संकलन

गरिएको छ भने सहयोगको लागि दोस्रो तहको तथ्याङ्क (Secondary Data) को पनि प्रयोग गरिएको छ । त्यसको अलावा प्रश्नावली, अन्तर्वार्ता, व्यक्तिगत अध्ययन तथा सामुहिक छलफलबाट समेत तथ्याङ्क संकलन गरिएको छ ।

मुसहरहरूको पारिवारिक अवस्थालाई हेर्ने हो भने दुई प्रकारका पारिवारिक अवस्था थाहा पाउन सकिन्छ जुन एकल र संयुक्त छन । हाल आएर मुसहर एकल परिवारमा वस्न थालेका छन । नमुनामा परेको ४० घरधुरीमा २२ घर एकल परिवारमा वस्छन भने १८ घर संयुक्त परिवारमा वस्ने गरेको पाइयो । मुसहरहरूको सामाजिक अवस्था वनाएर राखिएको शिर्षक अन्तर्गत शिक्षाको अवस्था हेर्दा हाल पनि शैक्षिक स्तरमा निरक्षर ११७ जना रहेको पाइयो जुन शैक्षिक स्तर न्युन हो । तर पनि हाल आएर मुसहरहरूले छोरालाई मात्र नभएर छोरीलाई पनि पढाउनु पर्दछ भन्ने धारणा रहेको पाईन्छ । त्यसै गरी स्वास्थ्य मा पनि केही चेतानाको कारण हाल आएर धामी, झाक्री भन्दा पनि विरामी पर्दा स्वास्थ्य चौकी जानुपर्दछ भन्ने १४ घर रहेको पाईयो । यसबाट पनि यिनीहरूमा परिवर्तन आउदैरहेछ भन्ने थाहा पाउन सकिन्छ । त्यस्तै मुसहरहरूमा चेतना आएर घरको वनावटका साथै विजुली, परिवार नियोजन प्रति पनि सकारात्मक विचार रहेको पाईयो ।

मुसहरहरू परम्परागत जीवननिर्वाह गर्दा घुमन्ते, शिकारी, मुसा र चराको आहारा गर्न गरेको पाइन्छ भने यीनीहरू समुह समुहमा साना साना झुपडी वनाएर छुट्टै वस्ने गर्दछन । आफ्नो जीवन धान्नको लागि मुख्य पे्शाको रूपमा कृषि पेशा गर्ने, माछा मार्ने, जनमजदुरी गर्ने, माटो खन्ने काम गर्दछन । अध्यनय क्षेत्रका प्राय : मुसहरहरू कृषि क्षेत्रमा लागेका छन् । कृषिको अलावा मुसहरहरू पशुपालन, व्यापार, मजदुरी, भट्टामा काम गर्नका साथै अन्य पेशामा पनि संलग्न छन । अध्ययन गरिएका मुसहर घरपरिवारमा लगभग १० घर कृषि पेशामा रहेका छन भने इट्टा भट्टामा काम गर्ने ९ घर, ६ घर रिक्सा चलाउने, ५ घर हलो जोत्ने हली, ५ घर विदेश गएका, ३ घर अन्य पेशा गरेर जीवन निर्वाह गर्दछन ।

अध्ययन क्षेत्रका मुसहरहरूको जीवननिर्वाहको वारेमा थाहा पाउने अर्को स्रोत मुसहरहरूको आम्दानी हो । जुन अध्ययन क्षेत्रका मुसहरहरूमा एकदमै न्यून रहेको छ । जहाँ वार्षिक आम्दानी १०,००० हुने मुसहर घर ३ रहेको छ भने ७०,००० भन्दा माथि

कमाउने ३ घर रहेको छन । जुन पशुपंक्षि ज्यालादारी, नोकरी, विदेश गएर कमाएको हो । त्यसै गरी खर्चको कुरा गर्दा बार्षिक १०,००० खर्च गर्ने ५ घर संख्या छ भने ७०,००० भन्दा वढी खर्च गर्ने २ घर रहेका छन ।

भादगाउँ सिनुवारी गा.वि.स का मुसहरका लागि पशुपालन एक जीवननिर्वाह गर्ने एक अङ्ग भएको छ जहाँ पहिले पशुपालन आफ्नो उपभोगको लागि मात्र पाल्दथे भने अहिले आएर जीवन धान्ने को लागि व्यापार, व्यवसाय गरेर ३८ घरले जीवन धान्ने गरेको पाईन्छ । जसमध्ये खसी बाखा पाल्ने घर धेरै देखियो साथै कुखुरा हाँस पाल्ने पनि रहेको पाईयो ।

भुस्वामित्व अवस्थालाई हेर्दा आफ्नो जग्गा नभएको ३६ घरपरिवार रहेको पाईयो । जुन ३६ घर ऐलानी जग्गामा वस्दछन भने २ घर को खेतवारी दुवै छैन । अध्ययन गरिएका ४० घरधुरी मध्ये ५ धुर मात्र भएको १४ घर छ भने १० धुर भएको १५ घर, १० धुर देखि १ कठ्ठा भएको ७ घर र १ कठ्ठा देखि २ कठा भएको २ घर रहेको छ । र उत्पादनको अवस्था हेर्दा ज्यादै न्यून रहेको छ जहाँ ७ मन सम्म हुने १२ घर रहेको छ भने २० मन भन्दा माथी १ घर रहेको छ जसले गर्दा उनीहरूलाई खान पुग्दैन जसले मुसहरको न्युन आर्थिक अवस्थाको चित्रण गर्दछ ।

यस भादगाउँ सिनुवारी गा.वि.स का मुसहर को खानपानको अवस्थालाई हेर्दा बर्ष भरि खान पुग्ने २ घर रहेको छ भने आधा खान पुग्ने १५ घर रहेको छ भने छाका छाकी वा दैनिक विहान बेलुका खानेको संखया २३ रहेको छ। भने यिनीहरूले आफूलाई खानापकाउन प्रयोग गर्ने साधन, जीवन निर्वाह गर्दा विहान देखि बेलुका सम्मको सबै उनीहरूको कार्यलाई पनि प्रस्तुत गरिएको छ । जो उनीहरूसँग सम्वन्धित छन् ।

अध्ययन क्षेत्रका मुसहरहरूले यसरी परम्परादेखि नै आफ्नो गुजारा गर्नका लागि विभिन्न पेशा र तरिका अपनाउँदै आउने क्रममा पहिलेको भन्दा हाल आएर परिवर्तन भएको छ । जसले गर्दा मुसहरहरूको आफ्नो परम्परागत जीवन निर्वाहलाई छोड्दै नयाँ नयाँ अवसरहरूको खोजी गर्ने, नयाँ पेशाहरू अवलम्वन गर्न थालेका छन् जसमा विभिन्न तत्वहरूको मूख्य भूमिका खेलेको छ । जहाँ प्रथम त सडक तथा बजार विस्तार हुनुलाई

लिन सकिन्छ । यसरी सडक विस्तारले झुम्का, इटहरी, दुहवी सम्म पुगेर विभिन्न कलकारखानामा काम गर्नुका साथै तरकारी , खसी, कुखुरा हासँ आदि बजारमा ल्याएर बेच्न सरल भएको छ भने भादगाउँ सिनुवारी वरपरका बजारले व्यपार गर्दा राम्रै मुनाफा गर्न सफल भएको छ । साथै अहिले दैनिक पारिश्रमिक ज्यालादारीले पनि पनि आफ्नो जीवनस्तर पहिलाको भन्दा राम्रो भएको बताउँछन् । हाल दैनिक २००-३०० सम्म ज्यालावाटमुसहरहरू आम्दानी गर्दछन्। त्यस्तै गरि शैक्षिक स्तर बढेकाले उनीहरूले विभिन्न क्षेत्रमा अवसर पाउँदैछन् । त्यसै गरी शैक्षिक लगावले मुसहरहरूको जीवननिर्वाहमा परिर्वतन आएको पाइन्छ । हाल नयाँ पुस्ता शिक्षाकै माध्यमवाट विभिन्न ठाउँमा नोकरी गर्ने, विदेश जान थालेका छन् । निशुल्क शिक्षा, चेतना, प्रौढ शिक्षा, आदिले परिवर्तन आएको र परम्परागत पेशा भन्दा नयाँ पेशातिर नै आफुलाई सन्तुष्ट मिलेको कुरा मुसहरहरू बताउँदछन् । जसले उनीहरूको जीवननिर्वाहमा परिवर्तन ल्याउन ठूलो मद्धत गरेको छ ।

## ७.२ निष्कर्ष

सुनसरी जिल्ला भादगाउँ सिनुवारी भित्र बसोवास गर्न मुसहर जातिको जीवननिर्वाहको अवस्थामा आएको परिवर्तन सम्वन्धी अध्ययन गर्दा यिनीहरको जीवनभोगाईका क्रममा देखिएका अतारचडावको समय अनुकुल परिवर्तन र विकास यस जातिमा पनि थोरै धेरै भएतापनि सकारात्मक तथा नकारात्मक दुवै प्रवृति देखा परेको पाइन्छ । यस अध्ययनको मुख्य उद्देश्य भनेको भादगाउँ सिनुवारी गा.वि.स.मा बस्ने मुसहरहरूको जीवननिर्वाहको अवस्था र त्यसमा आएका परिवर्तन पत्ता लगाउने साथै उक्त जीवन निर्वाहको अवस्थामा परिवर्तन ल्याउने तत्व के हो त्यसको चर्चा गर्नु हो ।

मुसहर जाति विशेषतः घुमेन्ते, शिकारी मुसा र चराको आहारीको रूपमा रहेको छ । यो जाति अन्य जाति वर्गभन्दा शोषित पिडित र अशिक्षित रूपमा रहेको पाइन्छ । आर्थिक र सामाजिक रूपमा यो जाति धेरै पछि परेको पाइन्छ । यिनीहरूको दिनचर्या घामपानी नवारी पुस्तौं पुस्तासम्म पनि अथक रूपमा श्रमजीवी बन्दै आएको पाइन्छ । जहाँ स-साना

भुप्राहरू बनाई आफ्नो जीवन निर्वाह गर्दथे निकै कम मात्रामा जमिनको उपभोग र उत्पादनले गर्दा जीवन चलाउनको लागि अन्य आर्थिक क्रियाकलापको सहायता लिनु परेको छ । जस्तै पशुपालन, मजदुरी, व्यपार नोकरी, ड्राइभर बैदेशीक रोजगार जसले गर्दा उनीहरूमा परिवर्तन आइरहेको छ। मुसहरहरू सोझा, इमान्दारी र कडा परीश्रमी छन् तर पनि गरीव छन् । जसले विकासको सिङ्गो फल चाख्न पाएका छैनन् जो शिक्षा,स्वास्थ्य, खानेपानी, वजार यातायात आदि जस्ता मानव संसाधनका अति आवश्यक पूर्वाधारवाट अझै पनि वञ्चित छन् जसले ती सबै क्षेत्रवाट फाइदा पाउन भने सकिरहेका छैनन् अझै पनि उनीहरुको उपस्थिति न्यून मानिन्छ । तर पनि १०-१२ वर्ष अगाडि हेर्ने हो भने हाल केहिमा भएतापनि परिवर्तन हुने क्रम जारी छ । जसले उनीहरूको जीवनपद्धतिमा परिवर्तन ल्याइरहेको छ ।

मुसहरहरूको जीवननिर्वाहको अवस्थामा परिवर्तनको मुख्य कारण वजार विस्तार, शिक्षा, यातायात अर्को प्रमुख तत्व हो । जसले गर्दा विभिन्न ठाउँमा गई नोकरी, ज्याला मजदुरीगर्ने अवसर प्राप्त भयो भने व्यपारको लागि विभिन्न ठाउँमा गई वढी मुनाफा कमाउने अवसर प्राप्त भयो भादगाउँ वरपरका वजारले पनि ज्याला मजदुरी गर्न तथा व्यापार गर्ने सहज भएको छ । जुन उनीहरूको जीवननिर्वाहमा परिवर्तन ल्याउन सहयोग गर्न एक प्रमुख कारण हो ।

भादगाउँ सिनुवारी गा.वि.स.का मुसहरहरूको मुख्य पेशा कृषि हो यसमा पनि उन्नत जातका मल, विऊ, औषधी हालेर पनि तरकारी फलफुल खेती गरेर जीवन निर्वाह प्रकृयामा पनि परिवर्तन आएको छ । साथै आधुनिकीकरण, वसाइसराइ, संचारको माध्यम आदिले पनि मुसरहरूको जीवननिर्वाहमा परिवर्तन ल्याएको छ ।

समग्रमा भन्नुपर्दा पहिले भन्दा अहिलेको जीवनस्तरमा पक्कै पनि परिवर्तन आएको छ । उनीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक शैक्षिक स्थितिमा उनीहरूले चाहेर वा नचाहि पनि परिवर्तन आएको छ । नयाँपुस्तामा वढेको शैक्षिक जागरण, चेतना विभिन्न संघसंस्था तथा सरकारी निकायवाट पनि सहयोगले यीनीहरूमा केही परिवर्तन

भने भएको छ । भने आधुनिकीकरणले धर्म, पेशा, मुल्यमान्यता, लगाइखुवाइमा पनि परिवर्तन ल्याएको छ ।

## ७.३ सुझावहरू

यस भादगाउँ सिनुपारी गा.वि.स. का मुसहर जातिको प्रमुख पेशा भनेको कृषि तथा ज्यालामजदुरी नै हो । अहिले आएर पनि यिनीहरूको जीवन निर्वाहमा केही परिवर्तन आएपनि त्यो पनि न्यून रूपमा रहेको छ भन्नाले मुसहरजातिले आफुलाइ समय सपेक्ष रूपमा आफ्नो जीवन निर्वाह सम्वन्धी त्यति परिवर्तन गर्न सकेको पाइदैन । त्यसैले अझै पनि यिनीहरूमा चेतना, जागरण हुनु अझ आवश्यक छ । २१औं शताव्दीमा देशले फड्को मार्दा यीनीहरू बामे सर्ने अवस्थामा छन् । त्यसैले यस भादगाउँ सिनुवारी गा.वि.स.का मुसहरलाई माथि उठाउन निम्न कुराहरू कार्यान्यवन गर्नुपर्ने देखिन्छ ।

१) सीपयुक्त तालिमको अवसर विभिन्न सरकारी तथा गैर सरकारी नीकायवाट निशुल्क रूपमा दिनुपर्ने देखिन्छ ।

२) पशुपालन व्यवस्थालाई अझ प्राथमिकता दिई उनीहरूको रूचि अनुसार कुखुरापालन, बंगुरपालन, सुँगुरपालन, राँगा पालनको लागि आवश्यक सहुलियत ऋृण सुविधा र पाल्ने तरिकाको विषयमा जानकारी गराउँनु पर्ने देखिन्छ ।

३) रिक्सा/ठेला खरिदमा सहुलियतमा ऋृण सहयोग गरी किस्ताको व्यवस्थावाट सो रिक्सा/ठेला सहजरूपमा उसैले आफ्नो पार्ने अवसर दिनुपर्ने देखिन्छ ।

४) सरकारी विनाधितो सामूहिक ऋृण दिएर यिनीहरूलाई सामुहिक तथा व्यक्तिगत आय आर्जन कार्यक्रममा लगाउनु पर्ने देखिन्छ ।

५) यस जातिको बसोवास क्षेत्रमा शुद्ध खानेपानी, शौचालयको व्यवस्था र प्रयोगमा सम्वन्धित निकायले ध्यान पुऱ्याउनु जरूरी छ ।

६)	यहाँका मुसहर समुदायलाई शिक्षा र स्वास्थ्यसम्वन्धी जनचेतनाको विकास गराइनु पर्दछ । प्रभावकारी रूपमा वाल तथा पौंढ कक्षा संचालन गरिनु पर्दछ । शिक्षा क्षेत्रमा सहुलियत दिने हो भने मात्र यिनीहरूको सामाजिक र आर्थिक क्षेत्रमा प्रगति गर्न सक्ने देखिन्छ ।

७)	यो जाति अन्धविश्वास, रूढीवादी र जातिय संस्कारको परम्परावाट ग्रसित भएकोले योवाट मुक्ति दिलाउन चेतना मुलक कार्यक्रम गर्नुपर्दछ ।

८)	दीर्घ सोचाइ राख्ने, बचत गर्ने र भविष्यको जीवन सोचाईलाई प्राथमिकता दिइ सुनिश्चित जीवन बनाउन विभिन्न निकाय मार्फत जनचेतना फैलाउनु पर्दछ ।

९)	यस गाउँका मानिसहरू अत्याधिक मादकपदार्थ सेवन गरी झै–झगडा समेत गर्ने अन्न भोजभतेर, विवाह र चार्डपर्वमा हुने फजुल खर्च कम गर्ने तर्फ उचित जनचेतनाको कार्यक्रम ल्याउनुपर्दछ ।

१०)	छुवाछुतको भावनालाई सामाजिक संघसंस्था तथा राजनैतिक पाटीहरूले हटाइ आत्मवल वढाउँनु पर्ने र राष्ट्रकै सक्षम नागरिक वनाउनु पर्दछ ।

यसरी यी विभिन्न बुँदाको आधारमा मुसहर जातिको समस्या तथा सुझावलाई समग्रमा प्रस्तुत गर्ने जर्मर्को गरिएकोछ । यदि कुराको मात्र विकास गर्न सकिएमा यो जातिको चौतर्फी विकास हुनेमा दुईमत नहोला ।

## सन्दर्भ सामग्री


अस्थि वि.के. (२०५१), **'तराइका केही पिछडीएका जातिहरूको जीवन वृति'** मधुपर्क, पूर्णाङ्क ३१०, वर्ष २७, अंक ११, चैत्र ।

के.त.वि. (२००१), **केन्द्रिय तथ्याङ्क विभाग**, काठमाडौं ।

खत्री, नानीराम, (२००६), **फत्तेपुर, सप्तरीका मुसहरहरू** : सामाजिक र आर्थिक परिवेश तथा समावेशीकरणको मुद्धा, CNAS Journal Vo.133, No.July.

गा.वि.स.को परिचय, (२०६७), **भादगाउँ सिनुवारी गा.वि.स.** सुनसरीको कार्यालय ।

गौतम राजेश (२०४५), **"मुसहर सामाजिकपरम्परा एक अध्ययन"** प्रज्ञा, वर्ष १७, अंक ३, पूर्णाक ६५, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

जमरकट्टेल एकराज (२०६७), 'मुसहर जाति र रहनसहन' **विराटपथ दैनिक** मंसीर २४, शुक्रवार ।

जिल्ला विकास समिति (२०६५), **जिल्ला पार्स्वचित्र** इनरूवा सुनसरी ।

तामाङ सीताराम, (२०४९), नेपालमा जनजाति समस्या **जनसाहित्य प्रकाशन केन्द्र** काठमाडौं ।

दुर्गा प्रसाद भट्टराई (२०६६), **"मुसहर जातिको परिवर्तनको अवस्था :** एक समाजशास्त्रीय अध्ययन उदयपुर जिल्ला (अ.प्र. शोधपत्र एम.ए.) त्रि.वि.समाजशास्त्र तथा मानवशास्त्र विभाग ।

बिष्ट डोरबहादुर (२०५२), **सबैजातको फुलवारी** 'साझा प्रकाशन' छैटौं संस्करण, काठमाडौं ।

भण्डारी शंकर (२०५६) **संरक्षणको पर्खाइमा मुसहर संस्कृति कान्तिपुर दैनिक** माघ ३ सोमवार पृष्ठ ७।

मिश्र चैतन्य (२०५८) **बदलिदो नेपाली समाज।**

रेग्मी, वेदनाथ, (२०५१), नेपालमा केही जातिहरूको सामाजिक, आर्थिक अवस्था **सर्वेक्षणप्रतिवेदन** ।

शर्मा, जनकलाल (२०३५), हाम्रो समाज एक अध्ययन, **साझा प्रकाशन,** काठमाडौं प्रथम संस्करण ।

शोधपत्र, प्रमोद कुमार गुरूङ्ग, (२०६०), **सुनसरी अमडुवा गा.वि.स.को मुसहर जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अपस्था** : पाटन संयुक्त क्याम्पस ।

सोधपत्र, लोकनाथ दुलाल, (२०५८), डाँडीहाट गा.वि.स.का मुसहर जातिको एक अध्ययनः **एम.ए.शोधपत्र समाजशास्त्र, मानवशास्त्र** केन्द्रिय विभाग ।

Bhurtel, Chhetri, 2006), **Development and livelyhood changes among the Kumals in the Pokhara Valley**, nepal-CNAS Journal vol.33.

Inglehart Ronald (1997) www.google/mod/social change.

Lovisville.edu/../singerpezone.htm

Pokharel S.K., Chhetri R.B., (2006), **Changing Livelyhood strategies of the Dalits: A case study in the Pokhara Valley** CNAS Journal vol. 33.

Satyal, N.2010. Socio-cultural changes A case of the Raj Bansies in Jhapa. SAMAJ: **Journal of Sociology and Anthropology** vol 3 No.1. Tri-Chandra Multiple Campus.

www.wekipedia:org/mig/socialchang